# पहिलो अध्याय

## अनुसन्धान परिचय

### १. परिचय

लुम्बिनी पश्चिम नेपालको गौतम बुद्धको जन्म स्थलको नामबाट नामकरण भएको अञ्चल हो । अर्घाखाँची यसै अञ्चलको पहाडी जिल्ला पर्दछ । नर्तनाचल पर्वत अर्घाखाँचीको दक्षिणी महाभारत पर्वतमा पर्दछ । सांस्कृतिक पर्यटन भनेको त्यस किसिमको व्यवस्था हो जहाँ पर्यटकहरू केही सिक्न वा केही नयाँ कुरा थाहा पाउने उद्देश्यले जान्छन् । खासगरी ऐतिहासिक स्थल, प्राचीन सभ्यताका नमुना स्थल, कुनै धार्मिक स्थल, विभिन्न प्रकारका संग्रहालयहरु र कुनै देश वा स्थान विशेषको बेग्लै पहिचान गराउने सांस्कृतिक कार्यक्रम, बाजागाजा, चाडपर्व, आदि सांस्कृतिक पर्यटन अन्तर्गतमा विषयवस्तु भित्र पर्दछन् ।[ज]

सांस्कृतिक पर्यटन ऐतिहासिक स्थल, धार्मिक स्थल, प्राचीन सभ्यताका नमुनास्थलको थाहा पाउने उद्देश्य रहेको पाइन्छ । विशेषता जनजाति र आदिवासीका परम्परागत विचित्रका संस्कृति हेर्ने जाने कामलाई सांस्कृतिक पर्यटन मान्नु पर्दछ ।[द]

संस्कृत भाषामा घुम्ने अर्थमा विभिन्न शब्दहरू जस्तै पर्यटन तिर्थातन, देशाटन, विहार आदि शब्दको प्रयोग भएको पाइन्छ ।

म्अतष्यललबष्चभ ग्लष्खभचकबा का अनुसार त्यगचष्कत भनेको एकजना व्यक्ति हो जो घुम्ने उत्सुकताले यात्राको मज्जा लिनको लागि अथवा अरूको सामुमा घुमे भन्नको लागि मात्र पनि यात्रा गर्दछ ।[घ]

---

[१] उद्धव पुरी, **पर्यटन र विकाश** (काठमाडौं, तलेजु प्रकाशन, २०५८, पृष्ठ १६ ।

[२] ओम प्रकाश दाहाल, **ग्रामीण पर्यटन** (काठमाडौं निमा प्रकाशन, २०६०), पृष्ठ १५ ।

[३] उही पृष्ठ १ ।

स्वीज प्राध्यापकहरू ज्गलशष्पबच र प्चबउत ले सन् १९४२ मा दिएको परिभाषा अनुसार “पर्यटन भन्नाले अस्थायी रूपमा आएका व्यक्तिहरूको भ्रमण र वसाईहरू र घटनाको समग्र रूप हो । जसमा भ्रमण कर्ताहरू भ्रमणको स्थानका स्थायी रूपमा बसोबास गर्दैनन् । नाफा आर्जन गर्ने काम गर्दैनन् ।[ड] ध्यचम अयलकभचखबतष्यल गलष्त का अनुसार “प्रकृति तथा संस्कृतिमा प्रतिकुल असर नपर्ने गरी संरक्षण गतिविधिमा स्थानीय जनसहभागिता बढाउने काम पर्यावरणय पर्यटन हो ।[छ]

संस्कृति शब्द संस्कृत भाषाबाट बनेको हो । संस्कृति र संस्कृत दुवै संस्कारबाट बनेको हो । हररस्को विटस्का अनुसार “संस्कृति पर्यावरण मानव निर्मित ९बल ज्बमभ० भागमा पर्दछ । यस परिभाषाले स्पष्ट गर्दछ की पर्यावरण दुई प्रकारको हुन्छ । एक प्रकृति वा ईश्वर प्रदत्त एवम् दोस्रो मानवद्वारा निर्मित । यो सारा भौतिक वा अमौतिक जो मानवद्वारा निर्मित गरिन्छ, जस्तै कपडा, विज्ञान, दर्शन धर्म, प्रथा, मानव, हजारौं अन्य जस्तै आदि संस्कृति भित्र पर्दछन् ।[ट]

नव राज अधिकारीको “टुरिज्म एन्ड कल्चर इट्स पोटेन्सियलिटी इन छेकम्पार भि.डि.सी. अफ गोर्खा डिष्ट्रिक्ट”, त्रि.वि. एम.ए. संस्कृति, अप्रकाशित शोधग्रन्थ, २००५ अनुसार युनेस्कोले सांस्कृतिक पर्यटनको १९७० को दशकमा दिएको धारणा अनुसार संस्कृतिमा १२ वटा तत्व पर्दछन् । जसमा धर्म, भाषा, परम्परा, लुगा गहना, वस्तुकला, इतिहास काम र प्रविधि, संस्कार, खाना, रहनसहन, रितीरिवाज, शिक्षा प्रणाली पर्दछन् ।

नेपालमा पर्यटन क्षेत्रको चर्चा गर्दा धेरै पुरानो इतिहास पाइन्छ । भगवान् श्री कृष्ण आफ्ना सहयोगी साथ नेपाल आएको, मन्जुश्री चिनबाट नेपाल आएको कथा पाइन्छ । इश्वी पूर्व छैटौं शताब्दीमा सिद्धार्थ गौतम ज्ञानको खोजीमा गया गएको ज्ञान प्रचारको सिलसिलामा नेपालको विभिन्न ठाउँमा भ्रमण गरेको, पाणिनी र रावण नेपाल आएको आदि कुराहरू चर्चा गरेको पाइन्छ । इ.स. पाँचौ शताब्दीमा

---

[४] उही पृष्ठ २ ।

[५] उही पृष्ठ १५ ।

[६] एम.एल.गुप्ता, डि.जी. शर्मा, **सामाजिक मानव शास्त्र** (आगरा साहित्य भवन प्रकाशन, १९९५), पृष्ठ ४७ ।

चिनियाँ यात्री नेपाल आएको, इ.सं. ७४३ मा नालादा विश्व विद्यालयको भिक्षु शान्त रक्षित र भिक्षु पदमसम्भव नेपालको बाटो भएर तिब्बत गएको ऐतिहासिक चर्चाहरू छन् ।[७]

इ.सं. १८०१ देखि १८४४ सम्म १४३ जना विदेशी नेपाल आएको पाइन्छ । इ.सं १८५० मा जंगबहादुर ठूलो समूहसाथ युरोप घुम्न गएको र इ.सं. १९५५ मा बेलायतको थोमसकुक एण्ड सन्स नामक ट्राभल एजेन्सीले हवाइ जहाजबाट ६० जना पर्यटक भित्राएका थिए । १९६२ मा विभाग र १९७७ पर्यटन मन्त्रालय गठन भयो । श्री ५ को सरकारले पर्यटन ऐन २०२१ मा जारी गऱ्यो र २०४५ मा अध्यागमन ऐन र अध्यागमन नियमावली २०५१ लागू भयो । योजनाको सुरु २०१३ देखि पर्यटन क्षेत्रको विकास विस्तारमा नितीहरू बनेर पर्यटन क्षेत्रको विकास भयो ।[८] दशौं पञ्चवर्षीय योजनाको पृष्ठभूमिमा नै यस्तो लेखिएको छ । संस्कृति तथा पर्यटनको क्षेत्रमा गरिने स-साना सुधारबाट पनि राष्ट्रलाई विदेशी मुद्रा आर्जन, रोजगारीमा बृद्धि र समग्र आर्थिक विकासमा लाभ हासिल हुन सक्छ । ग्रामीण जीवनस्तरमा बृद्धि हुन गइ क्षेत्रीय सन्तुलन कायम राख्न तथा गरीबी निर्वारणमा पनि मद्दत पुग्न सक्छ ।[९]

## १.१ अध्ययन क्षेत्र

### १.१.१ नर्तनाचल पर्वत क्षेत्रको परिचय

अर्घाखाँची जिल्लाको दक्षिण भागमा महाभारत श्रृंखला रहेको छ । करिब २५०० मी. अग्ला चुचुरा यस क्षेत्रमा पर्दछन् । यो भाग पूर्व पश्चिम करिब ४२ कि.मी. फैलिएको छ ।

### १.१.२ हावापानी

[७] दाहाल पूर्ववत् (टिप्पणी नं. २), पृ. ९० ।

[८] उही पृष्ठ ९२ ।

[९] उही पृष्ठ ११७ ।

समुन्द्र सतहबाट १२०० मी. भन्दा माथि २,१०० मी.सम्मको हावापानी समशितोष्ण छ । २,१०० भन्दा माथिको हावापानी चिसो छ । तापक्रम अधिकतम ३०° से. र निम्नतम ०° से. सम्म पुग्छ । १६५ मि. को उचाइमा १° से.ले तापक्रम घट्ने हुँदा यो क्षेत्र जैविक विविधता भएको क्षेत्र हो । पानी १२५ से.मी. पर्दछ । हिउँदमा केही दिन अग्लो ठाउँमा हिउँ पनि पर्दछ ।

### १.१.३ नदीहरू

पहाडी धरातल भएकोले ज्यादै ठूला नदी भए पनि सात नदी सिता, गंगा, भागिरथी (वाणगंगा), सुचक्षु दक्षिण पश्चिम बगने र सरास्वती, नालिनी, पावनी उत्तर पूर्व बग्ने नदी यसै पर्वतबाट निस्किएका छन् ।

### १.१.४ तालहरू

यस क्षेत्रमा विभिन्न ताल सेङ्गलेङ्ग ताल धन्चौर ३, पणेनातपोभूमि ताल, गौंचोरताल, कमल ठाडा तालहरू छन् र प्राचीन समयमा ताल भएको अवशेष भएको विन्दुसर जुन सुपा देउराली भन्दा पश्चिम दुर संचारले टावर राखेको ठाउँबाट १ कि.मी. पूर्वमा छ ।

### १.१.५ झरना

सिता नदीको सिरान र भागिरथी नदीको सिरमा झरना छन् ।

### १.१.६ खानीहरू

चुनेढुङ्गा, नरपानी, कोइला सुवर्णश्वाल गा.वि.स. मा छन् ।

### १.१.७ वनस्पति

यस पर्वत श्रृंखलामा एकसय भन्दा बढी जडीबुटी पाइन्छन् जस्तै चिराइतो, पाषणवेद, आकसेवेली, सिलटिमुर, तुलसी तितेपाती, बोझो, पाँच औंले, पिरेझार,

हर्रो, मदिनो, गनदेभ्कार, चुत्रो, असुरो, सुगन्धवाल आदि जडिबुटी पाइन्छ । चिया र कफी पनि पाइन्छ ।

### १.१.८ फलफूल

स्याउ, नासपाती, ओखर, सुन्तला, अमिलो, कागती, अंगुर आदि पाइन्छन् ।

### १.१.९ पशुहरू

बाघ, भालु, चितवा, बँदेल, चित्तल, राते, हरिण, बाँदर, स्याल, माउखाने, भार्से, वन विरालो, खरायो, आदि जंगली पशु र घरपालुवा बाखा, गाइ, भैंसी, भोडा, खरायो आदि पाइन्छन् ।

### १.१.१० चराहरू

कालिज, तित्रा, ढुकुर, सारुङ, भँगेरो, फिस्टो, जुरेली, भ्याकुरो, राम सारी, सुगा, काल्चे, धोवि, चरो, लामपुच्छ्रे, कोकले, बाँगेचरी, कुटैया, काग, लाचे, गिद्ध, लुइचे, रानीचरी, न्याउली, वकुल्लो, लाटोकोसेरो आदि चरा यस क्षेत्रमा पाइन्छन् ।

### १.१.११ पहाडी, तराइ र हिमाली दृश्यहरू

दृश्य पर्यटनको हिसाबले महत्वपूर्ण हुने भएकाले नर्तनाचल पर्वत दृश्य अवलोकनको लागि ज्यादै उपयुक्त क्षेत्र मानिन्छ । यहाँबाट धवलागिरी, जुरेन हिमाल, पुँठाहिउँचुली, कान्जीरोवा, माछापुच्छ्रे, अन्नपूर्ण, गणेश, ऋंगी, पाङ्ग्रा, हिमाली चुली, मनासलु आदि हिमालको दृश्य हेर्न सकिन्छ ।

यहाँबाट तराइ लुम्बिनी र गोरखपुरसम्म दृश्य अवलोकन गर्न सकिन्छ । राजनीति रूपले नर्तनाचल पर्वत अर्घाखाँची जिल्लाको निर्वाचन क्षेत्र नं २ मा पर्दछ । नरपानी, खाँचिकोट, सितापुर, ढिकुरा, धन्चैर, सुवर्णखाल, धातिवाङ्ग, मैदान, पटैटी, पोखराथोक, पणेना, खिदिम, ठाडा गा.वि.स. का आंशिक क्षेत्र पर्दछन् ।

शैक्षिक रूपले सबै गा.वि.स. मा एक एक मा.वि. विद्यालय रहेका छन् । तर उच्च शिक्षाको लागि जिल्ला सुदुरमुकाम सन्धिखर्क पुग्नुपर्ने अवस्था छ ।

## १.२ समस्याको प्रस्तुति

१. नर्तनाचल क्षेत्रका मुख्य सांस्कृतिक पर्यटन क्षेत्रहरूको अध्ययन भएको छैन । यस क्षेत्रका विषयमा साना तिना लेखहरू मात्र प्रकाशित भएका छन् ।

२. नर्तनाचल क्षेत्रको सांस्कृतिक पर्यटन स्थलको पर्यटन पूर्वाधार तयार भए नभएको बारेमा अध्ययन भएको छैन ।

३. नर्तनाचल क्षेत्रमा मुख्य सांस्कृतिक स्थलको पर्यटनबाट ती क्षेत्रमा बासिन्दाको जिवनस्तरमा परेको प्रभाव बारे अध्ययन भएको छैन ।

## १.३ अध्ययनको उद्देश्य

प्रस्तुत अध्ययनका उद्देश्यहरू निम्न बमोजिम रहेका छन् ।

(क) नर्तनाचल क्षेत्रका मुख्य सांस्कृतिक पर्यटन स्थलको परिचय गराउनु,

(ख) नर्तनाचल क्षेत्रको मुख्य पर्यटन स्थलको पूर्वाधार बारे प्रकाश पार्नु ।

(ग) नर्तनाचल क्षेत्रको मुख्य सांस्कृतिक पर्यटन स्थलबाट त्यस क्षेत्रका बासिन्दाको जीवनस्तरमा परेको प्रभाव बारे प्रकाश पार्नु ।

## १.४ अध्ययनको औचित्य

(क) पर्यटन क्षेत्रको विस्तार र विकास गर्नुपर्ने आवश्यकता छ । यसैले नर्तनाचल क्षेत्रको एकीकृत विकासको लागि यो अध्ययनले मुख्य सांस्कृतिक पर्यटन क्षेत्रको परिचय गराइएको छ ।

(ख) पर्यटन विकासकोलाई पर्यटन पूर्वाधार अनिवार्य हुन्छ । त्यस्तो पूर्वाधार बारे प्रकाश पार्नु आवश्यक हुन्छ । त्यसैले पूर्वाधारको प्रकाश पारिएको छ ।

(ग) पर्यटन क्षेत्रबाट त्यस क्षेत्रका बासिन्दाको जीवनस्तरमा आर्थिक, सांस्कृतिक, सामाजिक, शैक्षिक प्रभाव बारे प्रकाश पारिएको छ र अझ अगाडि पर्यटन विकासको लागि गर्नुपर्ने आवश्यक कार्यको लागि सुझाव प्रस्तुत गरिएको छ ।

## १.५ पूर्व साहित्यको समीक्षा

नर्तनाचल क्षेत्रलाई केन्द्र विन्दु बनाएर आजसम्म कुनै अध्ययन गरेको छैन । डा. गिरीले लुम्बिनी अञ्चलको सांस्कृतिक पर्यटन स्थल नामक एक पुस्तक लेख्नु भएको छ । त्यसमा अध्ययन गर्न खोजेको सांस्कृतिक क्षेत्रको अध्ययन भएको छैन तर पनि समग्र लुम्बिनी क्षेत्रको पुरातात्विक र सांस्कृतिक महत्व बुझ्न भने यस ग्रन्थले महत्वपूर्ण योगदान दिएको छ ।

यसै विभागमा इन्दु शर्माले कपिलवस्तु क्षेत्रमा माटाको भाडाहरू एक अध्ययनमा शोधपत्र गर्नु भएको छ जसमा कपिलवस्तुलाई मात्र अध्ययन केन्द्रित गरिएको छ तर नर्तनाचल र कपिलवस्तु जोडिएको हुँदा पुरातत्व र संस्कृतिको लागि महत्व राखेको छ ।

रोशन गुरुङ्गले ीगफदष्लष बक ब ऋगतिगचभ या च्भष्निष्यगक(उषनिचषक को शोधपत्रमा लुम्बिनीका धार्मिक तीर्थ यात्रीलाई आधार मानी अध्ययन गर्नुभएको छ । उक्त शोधपत्रले पनि नर्तनाचल क्षेत्रमा आउन सक्ने स्रोत पर्यटन संख्याको लागि उपयोगी छ ।

प्रदीपनाथ उप्रेतीले नेपाली इतिहास, संस्कृति विभागमा बुटवलको ऐतिहासिक शोधपत्र प्रस्तुत गर्नु भएको छ । त्यसमा प्रस्तुत क्षेत्रका बारेमा विस्तृत अध्ययन गरिएको छैन । तिनाउ नदीको सिर यसै नर्तनाचल हुनुको साथै ऐतिहासिकता नर्तनाचलको जोडिएकोले पनि यस ले विशेष महत्व राख्दछ ।

मन्दाकिनी श्रेष्ठले पाल्पा जिल्लाको पुरातात्विक एक अध्ययनमा शोधकार्य यस विभागमा गर्नुभएको छ । यसले पाल्पा जिल्लाको अध्ययन भएको छ । नर्तनाचल र पाल्पा जोडिएको हुँदा पुरातात्विक क्षेत्रमा गरिएको अध्ययनले नर्तनाचल क्षेत्रलाई सहयोग गर्दछ ।

बिजय श्रीवास्तवल (१९५४) ले 'कपिलवस्तु लुम्बिनी दिग्दर्शन' नामक पुस्तक लेख्नुभएको छ । जसले लुम्बिनी र कपिलवस्तुको सांस्कृतिक पक्षलाई मात्र अध्ययन भएको छ । उक्त अध्ययन कपिलवस्तुको भए पनि नर्तनाचलसँग जोडिएको क्षेत्र भएको हुँदा र भागिरथी नदीको सिर नर्तनाचल भएबाट एउटै सभ्यता भएकाले पनि उपयुक्त छ ।

मोदनाथ प्रश्रित (२०६०) ले पाणिनी नामक पुस्तकमा विश्वको सर्वोत्कृष्ट व्याकरणकार महिषी पाणिनी तपोभूमि नामक लेख लेख्नु भएको छ । जसमा पाणिनीको चर्चा गरिएको छ र पाणिनी यही नर्तनाचल पर्वत आएको सन्दर्भबाट यसले महत्व राख्दछ ।

राजेन्द्रप्रसाद भुसाल नयाँ बिहानी (२०४८) अङ्क १ मा अर्घाखाँची जिल्लाको चिनारीमा केही ऐतिहासिक स्थानका परिचय भएको छ । यसमा खाँचीदरबार र पणेना तपोभूमिको सक्षिप्त परिचय गराइएको छ ।

नारायण आचार्य (२०५३) सन्धिमा अर्घाखाँचीका ऐतिहासिक स्थलको परिचय दिनु भएको छ । यसमा नर्तनाचल पर्वतको नरपानी, खाँचीकोट, पणेना, दुर्वासा, गुफाको परिचय गराइएको छ । यसैले यस कृतिले यस अध्ययनलाई महत्व राख्दछ ।

अर्घाखाँची जि.वि.स. ले पर्यटन क्षेत्रको सामान्य परिचय दिएका छन् । यस क्षेत्रलाई २ भागमा विभाजन गरी जिल्लाको पूर्वी रदक्षिण क्षेत्रमा पर्यटन विकास गर्न प्रयास गरेको विवरण छ । छोटो रुपमा केही स्थानको परिचय गराइएको छ ।

शंकरमान राजवंशीले प्राचीन नेपाल भाग ७ मा अर्घाबाट प्राप्त केही ऐतिहासिक दस्तावेजमा अध्ययन गर्नुभएको छ । यसमा खाँची दरबार र कपिल र

शशिधर स्वामीको सम्बन्ध बारे अध्ययनबाट नर्तनाचलमा खाँची पर्ने हुँदा यसले सन्दर्भ राख्दछ ।

मेचीकाली भाग ३ मा अर्घाखाँची जिल्लाको बारेमा केही ऐतिहासिक विवरण दिएको छ । यसमा नर्तनाचल (नरपानी), पणेना, खाँचीकोटको विवरणहरु छ यसले अध्ययन क्षेत्रको केही सहयोग पुऱ्याएको छ ।

विद्या भास्करले सांख्य दर्शनको इतिहासमा षष्टी तन्त्र कपिलको रचनाबारे चर्चा छ  र कपिलको जन्म स्थान बारे सात नदी र विन्दुसरको चर्चा गरिएको छ । कपिलको जन्म नतेनाचल हुन सक्ने नदी र तालको नाम मिल्ने हुँदा यसले नर्तनाचलसँग सन्दर्भ राख्दछ ।

## १.६ अध्ययनको संगठन

(क) प्रथम खण्डमा परिचय रहेको छ ।

(ख) दोस्रो खण्डमा मुख्य सांस्कृतिक पर्यटन क्षेत्रको परिचय गराइएको छ ।

(ग) तेस्रो खण्डमा पर्यटन विकासको लागि आवश्यक पूर्वाधारको प्रकाश पारिएको छ ।

(घ) चौथो खण्डमा नर्तनाचल क्षेत्रमा मुख्य मुख्य सांस्कृतिक पर्यटन स्थलले त्यहाँका बासिन्दाका जीवनस्तरमा पारेको प्रभावको चर्चा गरिएको छ ।

(ङ) पाँचौ खण्डमा सारांश र सुझाव राखिएको छ ।

(च) सन्दर्भ खण्ड रहेको छ । यसमा सन्दर्भग्रन्थसूची र फोटोहरू रहेका छन् ।

## १.७ अध्ययनको सीमाङ्कन

यस अध्ययन नर्तनाचल पर्वत क्षेत्रका ५ वटा सांस्कृतिक पर्यटकीय स्थलहरू, ती क्षेत्रहरूका सम्बन्धित एतिहासिक घटना, साक्ष्य, व्यक्तित्व र तिनको रचना; पर्यटकीय पूर्वाधारहरूको अवस्था र पर्यटनले पारेको प्रभाव तथा सम्भावनाहरूमा मात्र सीमित छ । यस अध्ययनमा निम्न सिमाभित्र रहेर अध्ययन कार्य गरिएको छ ।

(क) यस अध्ययनमा नर्तनाचल पर्वत क्षेत्रका मुख्य सांस्कृतिक पर्यटकीय क्षेत्रको मात्र अध्ययन गरिएको छ ।

(ख) नर्तनाचल क्षेत्रको मुख्य सांस्कृतिक पर्यटन क्षेत्रमा पर्यटन पूर्वाधार बारे चर्चा गरिएको छ । अन्य क्षेत्रमा अध्ययन पुग्न सकेको छैन ।

(ग) नर्तनाचल क्षेत्रको मुख्य सांस्कृतिक पर्यटनस्थलबाट यस क्षेत्रका बासिन्दाको जिवनस्तरमा परेको प्रभाव अध्ययन गरिएको छ । अध्ययनले सबै क्षेत्रको अध्ययन गर्न सकिएको छैन । पूरा जिल्ला समेट्न पनि सकिएको छैन ।

## १.८ अनुसन्धान पद्धति

(क) अध्ययन क्षेत्रलाई ३ क्षेत्रमा विभाजन गरी नरपानीलाई केन्द्र मानी पूर्व पणेना क्षेत्र र पश्चिम सेङ्गलेङ्ग क्षेत्रमा औपचारिक अन्तर्वार्ता सर्वेक्षण विधिबाट ६० वर्ष माथिका बुढाबुढी ५ जना, कर्मचारी शिक्षक मध्ये ५ जना, बुद्धिजीवि, व्यापारी सर्वसाधारण ५ जना गरी एक क्षेत्रमा १५ जना र अध्ययन क्षेत्रमा जम्मा ४५ जनाबाट तथ्याङ्क संकलन गरिएको छ ।

(ख) प्रश्नावली बन्द र खुल्ला गरी दुई किसिमको रहेका छन् । यस अध्ययको उद्देश्य एकको लागि ५ प्रश्न र ३ उद्देश्य पूर्तिको लागि १५ वटा प्रश्न रहेका छन् ।

(ग) अन्तर्वार्ता अध्ययन क्षेत्रमा अध्ययनकर्ता पुगेर औपचारिक रूपमा उत्तर प्राप्त गरिएको छ ।

(घ) अध्ययनकर्ताबाट ती मुख्य सांस्कृतिक क्षेत्रमा अवलोकन गरी तथ्य संकलन गरिएको छ ।

(ङ) अध्ययन क्षेत्रका मुख्य सांस्कृतिक क्षेत्रका फोटोहरू संकलन गरिएको छ र नक्सा पनि बनाइएको छ ।

तथ्याङ्कहरू अन्य क्षेत्र लुम्बिनी विकास कोष र पर्यटन विकास बोर्डबाट पनि सङ्कलन गरिएको छ ।

तथ्याङ्कलाई ग्राफ र सहसम्बन्धबाट प्रस्तुत गरिएको छ ।

**द्वितीयक तथ्याङ्क संकलन**

प्रकाशित वा अप्रकाशित तथ्याङ्कहरू पर्यटन विकास बोर्ड, लुम्बिनी विकास कोष, लुम्बिनी संग्रहालय, स्थानीय उद्योग वाणिज्य र अन्य क्षेत्रबाट संकलन गरिएको
छ ।

**तथ्याङ्क विश्लेषण**

तथ्याङ्क तालिकीकरण, ग्राफ र प्रतिशत, अन्तरसम्बनध आदि विधिबाट विश्लेषण गरिएको छ ।

**प्रस्तुतीकरण**

तालिकीकरण र ग्राफबाट र अन्य विश्लेषणबाट प्राप्त नतिजा वर्णानात्मक र विश्लेषणात्मक रूपमा प्रस्तुत गरिएको छ ।

## १.९ समय

प्रस्तुत अध्ययन निमित्त तथ्याङ्क सङ्कलन गर्न १ महिना र तथ्याङ्क विश्लेषण र प्रस्तुतीकरणको लागि ५ महिना गरी जम्मा ६ महिना लागेको छ ।

# दोस्रो अध्याय

# नर्तनाचल पर्वत क्षेत्रका मुख्य सांस्कृतिक पर्यटकीय स्थलहरु

नर्तनाचल पर्वत क्षेत्र अनेकौं सांस्कृतिक पर्यटकीय क्षेत्र भएको ठाउँ हो । यहाँ ऐतिहासिक, धार्मिक, सांस्कृतिक, अनेकौं क्षेत्र छन् । ती क्षेत्र मध्ये मुख्य ५ वटा सांस्कृतिक पर्यटकय क्षेत्रको यस अध्यायमा अध्ययन भएको छ । ती पाँच क्षेत्रमा सुपा देउराली, नर्तनाचल (नरपानी) पणेना तपोभूमि, सेङ्गलेङ्ग, दुर्वाशा गुफा मुख्य सांस्कृतिक पर्यटकीय स्थान भएकोले यी स्थानको अध्ययन गरिएको छ ।

## २.१ सुपादेउराली

अर्घाखाँची जिल्लाको खाँचीकोट गा.वि.स. र सितापुर गा.वि.स. को साथमा सिता नदीको किनारमा अवस्थित शाक्त धर्मको केन्द्रको रूपमा स्थापित सुपा देउराली आस्थाको केन्द्रको रूपमा रहेको छ । यसै देउरालीको चर्चा लुम्बिनी अञ्चल र आसपासको क्षेत्रमा यसै देवीको नामबाट मन्दिर निर्माण गरी मान्ने पनि गरिएको छ ।

### २.१.१ ऐतिहासिकता

शाक्त धर्मको पृष्ठभूमिको अध्ययन गर्दा ऋग्वेदमा अग्नी, वरुण, शुर्प, विष्णु, आश्विन, इन्द्र, प्रजापति आदि देवताको साथै उषा, सविता, शची देवीको उल्लेख पाइन्छ । शचीलाई इन्द्रको शक्तिको रूपमा मानेको पाइन्छ भने उषालाई शुर्पको पत्नीको रूपमा स्वीकार गरेको पाइन्छ । उषालाई प्रकाश पुञ्जको रूपमा उल्लेख

गरेको पाइन्छ । केन उपनिषमा रुद्रको सँगसँगै उमा हैमावतीको नाम आउँछ । पछिका ग्रन्थहरूमा शिवशक्ति उमालाई शक्तिको रूपमा स्वीकार गरिएको पाइन्छ ।[१०]

महाभारत कालमा आउँदा शक्तिदेवीको महत्त्व अझ बढेको पाइन्छ । त्यसबेला अर्जुनले शक्ति प्राप्त हेतु देवी दुर्गाको स्तुती गरेको कुराबाट थाहा हुन्छ । यसबाट कुनै इच्छा पूर्तिको लागि देवीको स्वतन्त्र अस्तित्वको पूजा प्रार्थना गर्ने परिपाटी सुरु भयो । पुराणकालमा आउँदा देवीको विविध क्रियाको बारेमा अझ विस्तृत थाहा हुन्छ । मार्कण्डेय पुराणमा महिषासुर मर्दिनी देवी शिव, विष्णु ब्रह्मा तथा अन्य देवताको तेजबाट उत्पत्ति भएको मानिएकी छिन् । विभिन्न देवताको शक्तिलाई सोही नाम प्रदान गरी उनीहरूको पूजा र प्रार्थना पनि हुन थाल्यो । वैष्णवी-विष्णु, वाराही-वराह, महेश्वरी-महेश (शिव), कौमारी-कुमार इन्द्रायणी-इन्द्र, ब्राह्मी-ब्रह्मा, यमीयमको शक्तिको रूपमा मान्यता दिने चलन बढ्न गयो ।

नेपालमा मातृशक्तिको परम्परा हेर्दा शिवको अर्धाङ्गिनी मानिएको शक्तिदेवीको प्रसङ्ग आउँछ । पुरातात्विक प्रमाण अध्ययन गर्दा पश्चिम तराईमा पर्ने वन्जाराहीबाट प्राप्त नारीको मुखाकृतिले इसापूर्व नै विकास भएको मान्न सकिन्छ । कपिलवस्तुको उत्खलनको क्रममा पनि थुप्रै माटाको नारी मूर्ति तथा टुक्रा फेला परेका छन् ।[११]

सुपा देउराली पनि ज्यादै पुरानो भएको कुरा यहाँका बासिन्दा विश्वास गर्दछन् । इच्छा पूर्ति गर्न वर माग्ने र देउरालीमा वलि चढाउने परम्परा रहेको छ । यस देउरालीसँग लाउरे टाँसिएको कथा र पुराणहरूमा उल्लेख भएको शिवको शक्ति देवीको रूपमा देउराली देवीलाई मानिन्छ । इ.पु. ७०० तिर कपिलेश्वर महादेव यसै स्थानमा रहने र त्यस बेलाबाट शक्ति देउरालीको पूजा गर्ने गरिएको कुरा बुढा पाका बताउने गर्दछन् । पुरातात्विक प्रमाणको अभाव भए पनि परम्पराको अध्ययन गर्दा र जनविश्वास ज्यादै बलियो बनेको कुरा ध्यान दिँदा इसा पूर्व नै यस शक्ति

---

[१०] डिल्लीराज शर्मा, **पश्चिम नेपालको मूर्ति तथा वास्तुकला** (काठमाडौंः ने.रा.प्र.प्र. २०५८), पृष्ठ ४३, ४४ ।

[११] सावित्री मैनाली, **प्रज्ञा,** अङ्क ८९, वर्ष २९ (काठमाडौं, ने.रा.प्र.प्र. २०५५।५६), पृ. ९१ ।

केन्द्रको विकास भएको मान्न कर लाग्छ । हाल मन्दिर भएको स्थानबाट १ कि.मी. पश्चिम भिरमा शिद्ध कपिलेश्वर महादेवको साथमा देवी देउराली पुजिएको हाल गाडी बाटो केही तल भएकोले बाटोमा मन्दिर निर्माण गरिएको कुरा यहाँको जानकारी व्यक्ति बताउँछन् ।

### २.१.२ सुपा देउरालीको वर्तमान अवस्था

मोटर बाटोको छेउमा २०४० सालमा निर्मित एउटा ढोका, जस्ताको छाना ३/३ मि. क्षेत्रमा मन्दिर निर्माण गरिएको छ भित्र पुरानो सिला केही र २०४० मा नै निर्माण भएको देवीको मूर्ति रहेको छ । मन्दिरको ढोका उत्तर छ भने दक्षिणतर्फ बोका बलिदिने मौलो गाडिएको छ । यहाँ दिनमा १० देखि ४० सम्म बलि चढाइन्छ ।

यसै स्थानबाट ३ कि.मी. उत्तर खोची ऐतिहासिक दरबार भएको स्थान र कालीदेवीको मन्दिर पनि छ । यहाँ भएको इनार ज्यादै प्राचीन भएको कुरा इटाको बनावटबाट सजिलोसँग थाहा पाउन सकिन्छ । मन्दिर भने पुरानो आगो लागेकोले वि.सं. १८९४ मा निर्माण भएको छ । यहाँ भएको दरबारको काठपात बिहार हाल दीनामती पुरीको घरमा तल्लो तलाको रहेका छन् भने दोस्रो तल्लाको झ्याल काठ प्रेमनारायण भुसाल र नारायण भुसालको घर सन्धिखर्क ९ कुटमा देख्न सकिन्छ । हाल दरबार जाने सिडी र दरबार भएको क्षेत्र मैदानको रूपमा विकास भएको छ ।

### २.१.३ पूजा र विशेष पर्व

सुपा देउरालीमा दैनिक पूजा गरिन्छ । पूजा गर्ने खनाल थरका ब्राह्मणहरू २८ घरले एक दिन एक घरबाट पालो बाँधिएको छ । उनीहरू बिहान ६ बजेदेखि साँझसम्म त्यही मन्दिरमा बस्ने गर्दछन् । उनीहरूले समितिले निर्णय भए बमोजिमका पारिश्रमिक पाउने गर्दछन् ।

एकादशी र औंशीमा बलि चढाइँदैन । यस दुई तिथीमा पूजारीलाई नगद पारिश्रमिक दोब्बर छुट्टाएको पाइन्छ । जनताले चढाएको भेटी नै आयस्रोत हो गुठी व्यवस्था भने छैन ।

खाँची भगवतीमा चुँदाली  ब्राह्मण जाती पुजेरी छन् । प्रत्येक दिन पूजा गरिन्छ । दशैंमा बिहान बेलुका पूजा गरिन्छ । अष्टमीमा कालारात्री गर्ने र दशैं पछि दोस्रो दिन ठूलो मेला लाग्छ र सरापें खेल्ने गरिन्छ । हाल गुठी रकम ६६ हजार मात्र भएको पाइन्छ ।

सुपा देउरालीको संरक्षण समिति पुरानो मन्दिरको जिर्णोद्धार बाबुराम रायमाझी संस्थापक सदस्य र अन्य ९ दुई गा.वि.स. बार नौ जना संरक्षण समिति निर्माण भएको छ ।

सुपा देउरालीमा पालो-पालो गरी प्रत्येक दिन समिति पनि मन्दिरमा आउने र साँझ मन्दिरको हिसाव मिलान गरी ३ जना पुजेरी, समिति र चौकीदारबाट खाता बन्द गर्ने जसले रकम हिना मिना हुनबाट जोगिएको रहेछ ।

## २.२  नर्तनाचल

महाभारत पर्वत लुम्बिनी अञ्चल अर्घाखाँची जिल्ला हाल नरपानी गा.वि.स. र अन्य सितापुर, खाँचीकोट, ढिकुरा, थचैर सुवर्णखाल, धातिवाङ्ग, मैदान, पटैटी, पोखराचोक, पणेना आदि गा.वि.स. का केही अंश समेटेको पूर्व पाल्पा जिल्ला र पश्चिम धनचौरसम्मको करिब ४२ कि.मी. लम्बाई र ६०० देखि ८,००० फिटसम्मको भूभागलाई भनिन्छ । यस क्षेत्र शैव क्षेत्रको रूपमा प्रख्यात छ । यस क्षेत्रमा विभिन्न ठाउँमा शिद्धवाला भनि मानिने कपिलेश्वर महादेवका सिला पुज्ने गरिन्छ । भागवत्, रामायण, महाभारत आदि ग्रन्थमा उल्लेख भएको विन्दुसर सात नदी यहींबाट ३ पश्चिम र ४ पूर्व बस्ने गर्दछन् भनी यहाँका बासिन्दा विश्वास गर्दछन् । वराह पुराणमा रावण यही आएर तपस्या गरी नाँच शिवबाट सिकेकोले

"नर्तनाचल बाट नरपानी नाम रहेको कुरा विभिन्न लेखमा प्रकाशन भएको पाइन्छ ।"[ज्ञद्द]

[१२] संचार मन्त्रालय सूचना विभाग, **मेची देखि महाकाली,** तेस्रो खण्ड (काठमाडौं: सूचना विभाग, २०२८), पृ. ८३२ ।

### २.२.१ प्राचीन साहित्यमा नर्तनाचल

शैव धर्मको प्राचीनता खोजी गर्दा ऋग्वेदमा शैव अथवा शिवको उल्लेख छैन । ऋग्देवदको रुद्रलाई कालान्तरमा शिवको रूपमा पुज्न थालेको पाइन्छ । यजुर्वेदको शतरुद्रीमा रुद्रको अझ विकसित स्वरूपको उल्लेख छ । यसमा रुद्रको मङ्गल स्वरूप र उग्ररूपको विभेद भनिएको छ । यसमा रुद्रलाई पर्वतमा शयन गर्ने वाला पनि भनिएको छ । अथर्ववेदमा पनि एउटा श्लोकमा भनिएको छ की रुद्र अग्नीमा, जलमा, औषधिमा, वनस्पतिमा विद्यमान छन् साथै समस्त पृथ्वीको रचना उनले गरेका हुन् । उपनिषद् कालमा आउँदा 'पशुपति' शब्दले पनि सम्बोधन गरिएको हुनाले त्यसबेला रुद्र शिव सम्बन्धी विश्वासले निकै सर्वव्यापकता पाएको थाहा हुन्छ । शतपथ ब्राह्मणमा आउँदा रुद्रको आठ स्वरूपको आठ भौतिक पदार्थको प्रतिनिधित्व गरेको देखिन्छ । महाभारतमा शिव लिङ्गको चर्चा छ । यसबेला शिव र उनकी शक्ति उमा वा पर्वतीलाई समान पूजा गरेको देखिन्छ ।[१३]

शिवको स्वरूपलाई दुई भागमा बाँड्न सकिन्छ । मानवरूप र लिङ्ग रूपमा । मानविय प्रतिभाको रूपमा शिवको चार प्रकारका मूर्तिहरू बनाएको पाइन्छ, मंगलकारी शान्त रूप, दक्षिणमूर्ति, नृत्यमूर्ति तथा संहारक मूर्ति ।

नर्तनाचलमा कपिलको जन्म भएको र उनले षष्टीतन्त्र यहीं रचना गरेको विश्वास गरिन्छ । कपिलको जन्म भएको स्थानको अध्ययन गर्दा हिन्दू साहित्य र बौद्ध साहित्यको अध्ययन गर्नु पर्ने हुन्छ ।

श्रीमद्भागवत (३।२१।१३) मा उल्लेख आउँछ । सरस्वती नदीको आस पास विन्दु सर थियो । रामायणमा लेखेको छ महादेवले 'विन्दुसर' बाट ७ नदी छोडिदिए । रामायण र महाभारतमा ५ नदीको नाम समान पाइन्छ । पावनी नलिनी, सिता, सिन्धु, गंगा एक सिता नामक नदी पश्चिम बग्ने र पावनी एवम् नलिनी पूर्व बग्ने

[१३] डिल्लीराज शर्मा, **पश्चिम नेपालको मूर्ति तथा वास्तुकला (काठमाडौं)**, ने.रा.प्र.प्र. २०५८), पृ. ३०, ३१ ।

गर्दछ । सात नदीमा ३ पूर्व ३ पश्चिम र सातौं भागिरथी[१४] बौद्ध साहित्यमा यस स्थानलाई 'उसिरद्धज पर्वत' भनियो भन्ने भनाइ पनि छ ।

भारत वर्षमा कुन स्थानमा कपिलको जन्म भएको भन्ने कुराको निर्णय गर्नको लागि अहिलेसम्म हाम्रो सन्मुख कुनै निश्चित प्रमाण पाइएका छैनन् ।[१५] यसैलेकपिलको जन्म ठाउँ रामायण र भागवतबाट नै खोजी गर्नुपर्ने देखिन्छ ।

"जम्बुद्वीपमा दक्षिण पूर्वमा सललवती नदी, दक्षिण पश्चिममा सतकण्णीक, पश्चिममा धुण नामको ब्राह्मणको गाउँ पूर्व कजंगल, उत्तर उसिरद्वज पर्वत क्षेत्रीय कुलमा जन्म लिने निश्चित गरे हिमाल फेदी तराइमा गएर एक स्थान आफ्नो लागि छाने जहाँ कपिल मुनिको आश्रम थियो ।"[१६]

यस क्षेत्रमा वर्षमा एक पटक हिउँ पर्दछ त्यसैले यस ठाउँलाई हिमवन्त पर्वत भनियो भन्ने भनाइ पाइन्छ । यस सम्बन्धमा अध्ययन गर्दा "कौशल, शाक्य, कोलिय, मल्ल र बन्जी भन्दा उत्तरमा फैलिएको पहाडलाई नै हिमवन्त प्रदेश भनिन्थ्यो ।"[१७]

या क्षेत्र प्राचीन साहित्य र कोलिय राज्यबाट उत्तरमा पर्दछ । त्यसैले बुद्धकालमै यस क्षेत्रले प्रसिद्धि पाएको हुन सक्छ । त्यस्तै बुद्धले छैटौं वर्षावासमा कपिलवस्तुबाट मंकुल पहाडमा बिताएको भन्ने कुरा बुद्ध साहित्यमा सम्यक सम्बुमा पाइन्छ । तर त्यो पहाडको पहिचान भएको छैन भनिएको छ । त्यसैले यस पर्वतलाई पनि समय समयमा भिन्न नामले पुकारिएको होकि भन्ने अनुमान गर्न सकिन्छ । त्यसको प्रमाणको रूपमा वराह पुराण, महाभारत, रामायण र बौद्ध साहित्यभन्दा निकै पछि लेखिएको मानिन्छ । पुराणको आधारमा नर्तनाचल पर्वतलाई मेचिदेखि महाकालीसम्मको पुस्तकमा पनि उल्लेख गरिएको पाइन्छ ।

---

[१४] विद्या भाष्कर, वेदरत्न श्री. पं. उदयवीर, **शांख्य दर्शनका इतिहास** (नइदिल्ली, राष्ट्रिय संग्रहालय १९५०), पेज ४७ ।

[१५] उही पृष्ठ ४४ ।

[१६] डा. नलिमाक्षदन्त, **उत्तर प्रदेशमा बौद्ध धर्मको विकास** (लखनउ उत्तर प्रदेश सरकार, १९५६), पृ. २९ ।

[१७] कोण्डन्य, **सम्यक संम्बुद्ध** (काठमाडौं: बुद्ध विहार भृकुटी मण्डप २०६०), पृष्ठ १८६ ।

### २.२.२ नर्तनाचल र कपिलको जन्मस्थान

रामायण, महाभारत र बौद्ध साहित्यको आधार लिंदा कपिलको जन्मस्थानको धेरै विशेषता यस नर्तनाचलमा पाइन्छन् । यहाँका मानिसको पनि यही विश्वास राख्दछन् ती विशेषता :

१. यो स्थान समशितोष्ण जलवायुयुक्त छ त्यसैले धेरै पहिलेदेखि मानव बस्न सक्ने हावापनी छ ।

२. रामापिथेकसको दाँत तिनाहुको किनारामा फेला पर्नु र तिनाउको पश्चिमतिर यसै पर्वतमा पर्ने हुँदा प्राचीन मानव बस्ती यस पहाडमा थियो भन्न सकिन्छ ।

३. सात नदीमा सिता, भागिरथी, गंगा, पावनी, नलिनी, सुचक्षु, सरास्वती नामका नदी छन् जसमा ३ पश्चिम र चार पूर्व बग्ने गर्दछन् । यी नदीको नामबाट सितापुर, पणेना, नरपनी, सेङ्गलेङ्ग, सतिनेटा नाम रहन गएको विश्वास गरिन्छ ।

४. बिन्दुसर नामको एक झिल यस पर्वतको सरास्वती नदीबाट २ कि.मी पश्चिम सितानदीको सिरमा विद्यमान छ । यसको क्षेत्रफल लगभग ९०,००० वर्ग मिटर जति छ हाल विचमा एक ठाउँबाट पानी चुहिएको छ । यो स्थान करिब ७८०० फिट उचाइमा छ ।

५. कैलास र कैलासे नामको गाउँ हुनु र सोम तिर्थ पनि यही पर्दछ त्यस्तै गरी त्रेता युगमा श्रीराम, सिता र लक्ष्मण सिद्धेश्वरको दर्शन गर्न नर्तनाचल पर्वतमा गएको कुरा वराह पुराणमा उल्लेख भएबाट पनि कपिललाई सिद्धेश्वर भनिने हुँदा यही क्षेत्र हुन सक्छ ।

६. त्रेता युगमा महर्षी विश्वामित्रले यो नर्तनाचलको खण्ड चोकमा आएर श्री गायत्रीमाताको मूर्ति स्थापना गरी त्यहाँ कोटी होम गर्नु भएको र वराह

पुराण नै रावणले नृत्यद्वारा शिवलाई प्रशन्न गराएको कुराबाट पनि कपिल यही जन्मिएको हुन सक्ने संकेत गर्दछ ।

७. शिवको अर्को नाम कपिल भएको र शैवहरूले ११२ शिवको नाममा २९ औं कपिल ३० सौं आसुरी र ३१ सौं पञ्चसिखको नाम उल्लेख गर्ने गरिन्छ । बुद्धको समयमा पनि शुक्रसँग विवाद मिलाउने पञ्चसिखाको उल्लेख भएको कारण पञ्च शिखा पनि यही अध्ययन गरेको देखिन्छ । गुरुकुल परम्परामा शिक्षा ग्रहण गरेको हुन सक्छ ।

८. यस क्षेत्रमा महर्षी पाणिनीले अध्ययन गरी अष्टाध्यापी रचना गर्ने र प्रचार गरेबाट पनि कपिल यही जन्म भएको र पछिसम्म शिक्षाको विकास त्यहाँ भएको हुन सक्छ ।

९. यसै क्षेत्रको ढिकुरा गा.वि.स. मा एक प्राचीन समयमा मानव बस्न सक्ने स्रकेत भएको गुफा र सितापुर दमारमा पनि मानव बसोबास गरेको गुफा र दुर्वासा गुफामा पनि मानव बस्ने गरेको आधारमा पनि प्राचीन मानव वस्ती भएको पाइन्छ ।

१०. सुपा देउराली नजिक शिद्धेश्वरको परम्परा गतरूपमा पूजा गर्ने चलन भएको र वनमा कपिलेश्वर महादेवको मन्दिर र गुफा बनाइ गुल्मी रेसुङ्गा बसेका शसीधर स्वामीले सिद्धी प्राप्त गरेको कुराबाट पनि कपिलको प्रभाव यस क्षेत्रमा भएको पाइन्छ ।

११. यस क्षेत्रको समथर भूभागमा कुच्छन्द, कनक, काष्यप र गौतम बुद्ध यसै क्षेत्रमा जन्म भएकोले कपिल पनि यही जन्म लिएको हुन सक्ने सम्भावना देखिन्छ ।

१२. गौचोर, सुचक्षु (सेङ्गलेङ्ग) दह ठाडादह, पणेना दह, आदिबाट पानी पाइने क्षेत्र र सबैमा शिव स्वरूपको पूजा गर्ने भएकोले कपिलेश्वर शिवलाई मान्ने परम्पराबाट पनि कपिलको जन्म यही ठाउँमा हुन सक्छ ।

१३. बौद्ध साहित्यमा उल्लेख भएको हिमवन्त प्रदेश यही हुन सक्ने कुरा बिहार जुन सुपा देउरालीबाट र किमी उत्तरमा बिहार भन्ने ठाउँ छ । यहाँ बुद्धकालीन बिहार पनि थिए भन्ने विश्वास गरिन्छ । यसबाट कपिल पछि अन्य बुद्ध यस क्षेत्रमा आएका हुन सक्छन् ।

१४. कपिलेश्वर महादेवको पालादेखि विभिन्न नाँच यहाँ सिकाइने गरेको विश्वास गरिने र हालचाल पनि विभिन्न मौसममा नाँच फरक फरक पाइएबाट यो परम्परा कायम होकी भन्न सकिन्छ ।

१५. उपचारका विभिन्न विधि शब्द उपचार विधि, स्पर्श उपचार विधि, रस उपचार विधि, रूप उपचार विधि, गन्ध उपचार विधि परम्परादेखि चल्दै आएको यहाँ विश्वास गरिएबाट पनि कपिलले स्राष्टीतन्त्र रचना गरेका र त्यसको परम्परा यहाँ रहेको हुन सक्छ ।

यी विभिन्न आधारबाट कपिलको जन्म यस क्षेत्रमा भएको विश्वास गर्ने त्यहाँका मानिसको तर्क सम्मत देखिन्छ ।

## २.२.३ कपिलको प्राचीनता, उनको रचना र नर्तनाचल

वैदिक साहित्य र जैन ग्रन्थमा पनि कपिलको नाम उल्लेख भएबाट र विद्वान्को तर्क अनुसार कपिलको जन्म इ.पु. ७०० पहिले भएको मानिन्छ । विभिन्न ग्रन्थमा 'षषीतन्त्र' बारे प्रकाश पारेका छन् ।

१. कल्पसुत्र नामको जैन ग्रन्थमा "षषीतन्त्र" कपिलले निर्माण गरेको उल्लेख छ । त्यस्तै जैन ग्रन्थ "अनुयोगद्वार सुत्र" पनि 'षषीतन्त्र' को उल्लेख छ ।
२. महिसी व्यास रचित वेदान्त र आदि शङ्कराचार्य, वाचस्पतीभित्र 'षषीतन्त्र' कविल रचना गरेको मानेका छन् ।
३. पाञ्चरात्र सम्प्रदायको प्रमाणित पुस्तक अछिपुमा 'षषीतन्त्र' को उल्लेख छ । त्यस्तै सांख्यकारिकामा "युक्ति दीपिका" नामक एक व्याख्या छ । यसमा पनि षषीतन्त्रको उल्लेख छ ।[१८]

---

[१८] भास्कर, पूर्ववत् टिप्पणी नं. १४, पृष्ठ ७० ।

आचार्य पञ्च सिखाले आफ्नो एक सुत्रमा 'तन्त्र' अथवा 'षषीतन्त्र' रचना गर्ने कपिल भनेको पाइन्छ ।[19]

कपिल प्राचीन भएको र उनले 'षषीतन्त्र' रचना गरेको कुरा विभिन्न तथ्यले प्रकाश पारेको पाइन्छ ।

यस कुराको प्रष्ट पार्दै कपिल र अन्य आचार्यको नाम समेत उल्लेख्य गरिएको छ ।

"कपिलले तन्त्र अथवा 'षषीतन्त्र' नामक सांख्य विषय निर्माण गरी आसुरीलाई पडाए । आसुरीले वहि 'तन्त्र' पञ्च खिखालाई पडाए । पञ्च सिखाले अध्ययन व्याख्यान, लेखनद्वारा बहुत विस्तार गरे । उही तन्त्र शिष्य परम्पराद्वारा इश्वर कृष्णले प्राप्त गरे । त्यस्तै भागण, उलुक, वाल्मीकी, हारित, देवल, जनक, वशिष्ठ, पातञ्जली आदि आचार्यले प्राप्त गरे ।"[20]

यसरी शिष्य परम्परा हुँदै जानेक्रममा 'षषीतन्त्र' ले नाम र रूपमा परिवर्तन गरेको कुरा 'षषीतन्त्र' ले नाम र रूपमा परिवर्तन गरेको कुरा 'षषीतन्त्र' को साठी पदार्थदर्शनको रूपमा २५ तत्त्वको सांख्य दर्शन बन्न गएको देखिन्छ ।

कपिलले रचना गरेका साठी पदार्थमा ३२ पदार्थलाई तन्त्र र २८ पदार्थलाई काण्ड भनिएको पाइन्छ ।[21]

३२ तन्त्र यस प्रकार छन्:–

१. बृहतन्त्र
२. पुरुषतन्त्र
३. शक्ति तन्त्र
४. निपती तन्त्र

---

[१९] उही, पृष्ठ ९१ ।
[२०] उही, पृष्ठ १०३ ।
[२१] उही, पृष्ठ १४६ ।

५. काल तन्त्र

६. सत्व तन्त्र

७. रज तन्त्र

८. तम तन्त्र

९. अक्षरतन्त्र

१०. प्राणतन्त्र

११. कर्तु तन्त्र

१२. सामी तन्त्र

१३. प्राणी तन्त्र

१४. रासन तन्त्र

१५. चाक्षुप तन्त्र

१६. त्वस्च तन्त्र

१७. श्रोत्र तन्त्र

१८. वचन तन्त्र

१९. आदान तन्त्र

२०. विहरण तन्त्र

२१. उत्सर्ग तन्त्र

२२. आनन्द तन्त्र

२३. गन्ध तन्त्र

२४. रूप तन्त्र

२५.रस तन्त्र

२६. स्पर्स तन्त्र

२७. शब्द तन्त्र

२८. पृथ्वी तन्त्र

२९. जल तन्त्र

३०. तेज तन्त्र

३१. वायु तन्त्र

३२. आकाश तन्त्र

यी ३२ तन्त्रलाई प्राकृत मण्डल र २८ दोस्रो भागलाई वैकृत मण्डल भनिएको छ ।[२२]

“पञ्चशिखाले उपयुक्त सुत्रमा ‘षषीतन्त्र’ पदको लागि केवल तन्त्रको प्रयोग गरेका छन् । आधुनिक विद्वान्ले पनि ‘तन्त्र’ पदको प्रयोग ‘षषीतन्त्र’ को लागि मानिन्छ ।[२३]

तन्त्र भन्नु र ‘षषीतन्त्र’ भन्नु एउटै भएको कुरा थाहा हुन्छ ।

कपिलको प्रर्थम रचनामा दुईवटा नाम थिए । ‘षष्टीतन्त्र’ एवम् शास्य शास्त्र[२४]

यस भनाइ बारे ‘षषीतन्त्र’ भन्नु वा तन्त्र भन्नु वा शाख्यशास्त्र भनु एउटै भएको कुरा थाहा पाउन सकिन्छ । पछाडीको समयमा शाख्य दर्शनमा २५ तत्त्व मात्र राखिएको पाइन्छ ।

‘तन्त्र’ र शाख्य दर्शनको बारेमा प्रष्ट नभएको कुरालाई पनि अध्ययन गर्नुपर्ने देखिन्छ ।

“तन्त्रको सृष्टि प्रक्रियाको अनुसन्धान गरेर अध्ययन गर्दा यहाँ शैवमतको कुनै प्रभाव स्पष्ट परेको देखिन्छ । कुनै शाख्यको सिद्धान्तलाई समावेश गरेको पाइन्छ ।”[२५]

तन्त्रका अनुसन्धान कर्ताको रूपमा रहनु भएका भट्टरायज्यूले तन्त्रको दार्शनिकता प्रष्ट गर्न नसकेको हो की ? भन्ने लाग्छ ।

शाख्य दर्शन वा ‘तन्त्र’ औषधी विज्ञानको रूपमा प्रयोग भएको पाइन्छ यस विषयमा केही विद्वान्को विचार पनि अध्ययन गर्नु उपर्युक्त हुन सक्छ ।

---

[२२] हरिशंकर जोशी, **सांख्य दर्शनको जिर्णोद्वार** (वाराणसी, चौखण्डा विद्या भवन, २०२२), पृ. ९५ ।

[२३] भास्कर, पूर्ववत् टिप्पणी नं. १४, पृ. ८० ।

[२४] उही, पृ. ८५ ।

[२५] चुरानाथ भट्टराय, **तन्त्र शर्वश्य** (काठमाडौं, ने.रा.प्र.प्र., २०४१), पृ. ९ ।

"जुन वस्तु तथा कामद्वारा शरीरको रक्षा हुन्छ त्यो शास्त्र रोग निको पार्ने कामलाई तन्त्र भनिन्छ । रोगबाट बच्न रोगहरू उत्पन्न भएको अवस्थामा तिनीहरूको निवारण गर्न प्रयोग गरिने औषधीको सेवन, आश्वासन आदि चिकित्सा सम्बन्धी काम पनि उक्त परिभाषाको अर्थ अनुसार तन्त्रको रूपमा मान्य हुन्छन् ।"[२६]

उपचार विधी नै तन्त्र हो भन्ने कुरा यस भनाइले प्रष्ट गर्दछ । । त्यस्तै "तन्त्रको अर्थ केवल औषधी प्रयोग होइन । तन्त्र शब्दको अर्थ विस्तार, प्रविधि पनि हो)[२७] शास्त्रीको विचार पनि तन्त्र औषधी मात्र नभए र प्रविधि अथवा विधि भएको कुरा प्रष्ट गर्नुभएको छ ।

त्यस्तै 'तन्त्र' वा शाख्य दर्शनको बारेमा योग चिकित्सामा यसरी प्रष्ट पार्न खोजिएको छ ।

"कपिलको अनुसार सबै मानवीय समस्याको उत्तर हुन्छ । सम्यक ज्ञान (सही जानकारी) सही जानकारी नभएपछि अपरिचित एवम् विचित्र घटना दुःख उत्पन्न हुन्छ । जब व्यक्ति पुरुष एवम् प्रकृतिको विषयमा सही जानकारी पाउँछ । कहिँ पनि घट्नेवाला विचित्र घटनाहरू दुःख उत्पन्न गर्न सक्दैन । यस अन्तर्गत रजम्, तमस् एवम् शत्व गुणकोसाथ प्रकृतिको सबै तत्त्वको वैज्ञानिक ज्ञान हुन्छ ।"[२८]

यसबाट प्रकृतिको जानकारी पाउनु नै रोगबाट मुक्त पाउनु भएको तथ्य जानकारी पाउन सकिन्छ ।

सांख्य दर्शनको २५ तत्त्व सबै 'तन्त्र'को रूपमा रहेको एकातर्फ पाइन्छ भने अर्कोतर्फ पञ्च महाभूतलाई भूत भनिएको पनि पाइन्छ । पञ्च तन्मात्रा र भुतको सम्बन्ध बारे यस्तो पाइन्छ "आकाश, वायु, तेज, पृथ्वी, जल यि पञ्च महाभुतमा विषेस गुण क्रमश शब्द, स्पसं, रूप, रस, गन्ध हुन्छन्"[२९]

---

[२६] काशीनाथ शर्मा, प्रज्ञा अङ्क ८९ (काठमाडौं, ने.रा.प्र.प्र., २०५५।५६), पृ. १०२ ।

[२७] गोविन्द शास्त्री, मन्त्र विज्ञान, दिल्ली साधना पाठक बुक्स, १९९७, पृ. ७१ ।

[२८] डा. फुलगेडा सिन्हा, **योगद्वारा रोगों की चिकित्सा** (दिल्ली, आनन्द पेपर पैक्स, २००२), पृ. १४१, १४२ ।

[२९] डा. वरुणकुमार तिवारी, **प्रज्ञा** अङ्क ९३ (काठमाडौं, ने.रा.प्र.प्र., २०५७), पृ. ३४ ।

यस भनाइ वाट पनि पञ्च महाभुत र पञ्च तन्त्रमा बिचको सम्बन्ध देखाउन खोजिएको पाइन्छ । तन्त्र अनुसार मातृका को रहस्य मा पनि यसै शारुय को २५ तत्त्वको वारेमा उल्लेख गरिएको पाइन्छ ।

"क वर्ग – पृथ्वी, जल, तेज, वायु, आकाश

च वर्ग – गन्ध, रस, रूप, स्पर्स, शब्द

ट वर्ग – कर्म इन्द्रीय ५

ल वर्ग – ज्ञान इन्द्रीय ५

प वर्ग – प्रकृती, अध्यकृया, बुद्धी, मन, पुरुय"[घण]

यस बाट पनि तन्त्र ले सांख्य दर्शनको २५ तत्त्वलाई ग्रहण गरेको पाइन्छ ।

शाख्यको २५ तत्त्वको ५ वटा तन्वलाई पञ्चमहाभुत लाई हाल भुतको रूप दिएको पाइन्छ त्यस्तै पञ्च तन्मामात्रालाई तन्त्र भुत भगाउने तत्त्वको रूपमा स्वीकार गरेको देखिन्छ । पाँच तन्मात्रा वाट गरिने उपचार मा हाल सम्म प्रमाणीत भएका विभिन्न नाम वाट उपचार भएको समाजमा पाइन्छ । ५ तन्मात्रा वाट गरिने उपचारका पद्धतिलाई यसरी उल्लेख गर्न सकिन्छ ।

१. शब्द तन्मात्रा वाट गरिने उपचारमा 'अडीवल' साउण्ड र गित लहरी वाट गरिने उपचार विधी यसको परिक्षण भएको छ गाइले दुध वढी दिन रुख ज्यादा वढनु[घञ] संगित उपचार विधी आदी । विमारीको संगित एव गायन द्वारा ठिक गर्ने'[घद]

यसरी शब्द र संगीतबाट उपचार गरिने अनेक विधी प्रचालनमा आएका छन् ।

[३०] डा. शिवशंकर शास्त्री, **मन्त्र और मातृकाका रहस्य 'तन्त्र'** अनुसार (वाराणसी, चौ.वि.भ., १९६६), पृ. १७ ।

[३१] शास्त्री, पूर्ववत् **मन्त्र विज्ञान** (टिप्पणी नं. २८, पृ. ३९ ।

[३२] अशोक कुमार शर्मा, **विश्व प्रसिद्ध चिकित्सा पद्धति** (दिल्ली पुस्तक महल, १९९५), पृ. १०५ ।

२. रूप उपचार विधी अन्तरगत तेज वा शक्ती विद्युतबाट गरिने उपचार विधि अन्तर्गत पर्दछ । “यसमा शुर्प चिकित्सा जो शरीरको शक्ति र रंगको असन्तुलन बाट विमारी हुन्छ ।”[घघ]

त्यस्तै मानव शरीरमा ६.५ भोल्ट विद्युत शक्ति हुने र यसबाट उपचार गर्न सकिने हुन्छ । यसमा “मस्तिष्कको कोषमा उत्पन्न हुने विद्युत प्रवाहको ३ प्रवाह हुन्छ । अल्फा, विटा एवम् गामा (सात्विक, राजन, तमस्) विद्युत प्रवाह भ्कृन बाट निश्चित हुन्छ । हाम्रो शरीरमा जैव विद्युत प्रभाव हो । तरंग अल्फ जति १०-१२ पाँलेज ५० आँखा बन्द गर्दा मस्तिकमा कार्य गर्दछ । विटा गति १३-२५ बाँलेज ५-१०, संवेदनमा र मानसिक कार्यमा मस्तिष्क उत्तेजित हुन्छ । तरंग ठिटा जति ५-८ बोलेज १०, मानसिक तनाममा उत्तेजित हुन्छ । तरंग डेल्टा गति १-५, बालेज २०-२००, निदमा कार्य गर्दछ ।”[घढ] यसरी रूपलाई तेज मानिएको र यो एक विद्युत शक्ति भएकोले यसलाई प्रयोग गरी शरीरको उपचार गर्न सकिने हुन्छ ।

३. रसबाट उपचार गर्ने गरिन्छ “रस गुलियो, अमिलो, नुनिलो, पिरो, तितो, टर्रो ६ प्रकार द्रव्यलाई भनिन्छ ।”[घछ]

रस औषधी प्रयोग गरी गरिने उपचार यस अन्तर्गत आउने गर्दछन् । यसमा हाल प्रयोग भएका औषधीहरू पनि पर्न जान्छन् ।

४. स्पर्सबाट गरिने उपचार विधि यो विधि बुद्धकालमा जीवक चिकित्सकले प्रयोग गरेको पाइन्छ । पछि विभिन्न विधिको रूपमा विकास भएको छ । एक्युप्रेशर र स्पर्सबाट राता रक्त कणिका प्रभावित गरी पनि उपचार गर्न सकिन्छ । यसमा अन्य विधिको नाम दिए तापनि स्पर्स गरेर उपचार गर्ने गरिन्छ ।

---

[३३] उही, पृ. ६४ ।

[३४] देवेन्द्र बोरा, **आपको आरोग्य आपको हातमें** (दिल्ली, सा.पा.वु., २००३), पृ. ३३ ।

[३५] **आयु विज्ञान,** वर्ष ३, अङ्क २, (काठमाडौं, आयुर्वेद त्रैमासिक, २०६३), पृ. १३ ।

५. गन्धबाट उपचार गरिने विधिमा बुद्धको समयमा जिवकले प्रयोग गरेको र हालसम्म सुध्रने औषधबाट उपचार गर्ने गरिन्छ ।

यसरी तन्त्र भन्नाले उपचार विधि र भुत भन्नाले पञ्च महाभूत भन्ने वैज्ञानिक उपचार विध पहिले भएको र पछिल्ला समयमा यसको रूपमा परिवर्तन भएर राजनीति र धर्मको नामबाट अन्धविश्वासमा धकेलिएको पाइन्छ ।

यहाँ प्रंश्न गर्नु पर्ने ठाउँ रहन्छ कहिलेबाट राजनीति र अन्ध विश्वासमा भासिन गयो ? यस प्रश्नको जवाफ खोज्दा इ.पु. ४०० तिर पुग्नुपर्ने हुन्छ । यस समयमा कौटिल्य युद्धको बारेमा यस्तो विचार राखेको पाइन्छ ।

“प्रकाश युद्धमा देशकाल परम्परा धर्मको पालना गर्नु पर्दछ । तर मन्त्रयुद्ध वा कुट युद्धमा विना हतियार शत्रुको पराजित गरिन्छ । यसमा झुट, छल अनुचित मानिँदैन शत्रुलाई लुकेर, रातमा सुतेको समयमा, पानीमा विष राखेर, शत्रु पक्षमा वेश्या पठाएर, विषकन्या, जालीपत्र, धन, मद्य, प्रयोग गरी नास गर्न सकिन्छ ।”[३६]

तन्त्रले धर्ममा इ.पु. ३०० तिर प्रवेश गरेको पाइन्छ पर्तजलिले शाख्य दर्शनमा एक योग तत्त्व थपी २६ बनाए र इश्वर बढी पनि भनिदिए यस समयबाट ‘तन्त्र’ ले धर्मको रूप ग्रहण गरेको पाइन्छ । पर्तजलीले सम्यक् ज्ञान र अभ्यास दुवैलाई जोड दिए उनले आठ मार्ग यम (नियन्त्रण एवम् अनुशासन), नियम (विधि पद्धति एवम् सिद्धान्त) आसन (शरीरको स्थिति), प्रणयाम (सास कृया), प्रत्याहान ( सहीकाम गर्नु), धारणा (चित्तको एकाग्र गराउनु), ध्यान र समाधी गरी आठ मार्ग पनि बताए ।

यसरी यस समयपछि विभिन्न धर्महरूमा ‘तन्त्र’ हरू धार्मिक विषयको रूपमा चल्दै आएको पाइन्छ ।

---

[३६] प्रो. इन्द्र, **कौटिल्य अर्थशास्त्र** (दिल्ली, राजपाल, १९९८), पृ. १५५, १५७, १५८ ।

तन्त्रको पछिल्लो स्वरूप अध्ययन गर्दा तन्त्र यौन विषय भएको पाइन्छ । प्रकृति भनेको स्त्री र पुरुष भन्नाले लोग्ने स्वास्नी भन्ने आसयको कलाको विकास भएको काठमाडौंको मन्दिर र दरबारमा समेत देख्न सकिन्छ ।

"धेरै धातु खर्चेर बनेको विर्यलाई आफूले राख्ने होयन योग्य भाडोमा सुम्पनु पर्दछ । त्यो पात्र स्त्रीको योनिमा विर्यदान गर्नु पर्दछ । मैथुनक्रियाद्वारा । त्यसो गरिएन भने यता नारीको कामतुरता उग्र भई मृत्यु हुने र पुरुष उन्माद दशामा पुग्ने स्थितिमा आउँछ ।"[घठ]

त्यस्तै गरी पछिका धर्मशास्त्रले काम-यज्ञको रूपमा स्वीकार गरेका छन् । हिन्दू मात्र होइन वेद विरोधी बौद्धलाईमिश्रण पारेर तन्त्रले एकाकार बनायो । पञ्च बुद्ध, ब्रजयोगीनी शक्तिको विकास भयो ।[घड]

तन्त्रमा पञ्च 'म' कारको प्रचलन बढेर गएको पाइन्छ । पञ्च 'म' कार नै तन्त्र हो भन्ने विचार राख्न विद्वान् पछि नपरेको पनि पाइन्छ । यहाँनेर आएर हिन्दु र बौद्ध माहायानको विचार मिल्न गएको पाइन्छ ।

सारांशमा के भन्न सकिन्छ भने इ.पु. ७०० तिर कपिलबाट रचना भएको 'षषीतन्त्र' शुद्ध विज्ञान थियो यो मानवको शरीर उपचार गर्ने विधि थियो । यसको विकास र विस्तारमा राजनीति, धर्मनीतिमा प्रवेश गरी अन्ध विश्वासको रूपमा परिभाषित हुँदै आएको छ । राजनीति र धर्मबाट अलग बनाएर अध्यन गर्दा यो प्रकृति विज्ञान हो । यसै विषयमा एउटा विचार "केही जादु टुना मोहनी लगाउने र बोक्सी भगाउने धामी, गुभाजु, द्यौभाजु आदिले शैव र बौद्ध तान्त्रिक परम्पराको विकृत रूपमा भए पनि अस्तित्व जोगाइ दिएका छन् ।"[घढ]

यो भनाइलाई समर्थन गर्दै नर्तनाचल क्षेत्रमा कपिलको पालादेखि तन्त्र उपचार विधि परम्परागत रूपले चल्दै आएको छ र चल्दै आएको छ । यस

[३७] भट्टराय, पूर्ववत, (टिप्पणी नं. २४), पृ. ८५ ।

[३८] उही, पृ. ४६ ।

[३९] उही, पृ. ४७ ।

सम्बनधमा कति विज्ञान र कति अन्धविश्वास मात्रामा थप अनुसन्धान गर्नुपर्ने काम बाँकी रहेको छ ।

## २.३ नर्तनाचल पर्वत क्षेत्रको पाणेनी तपोभूमी पणेना

अर्घाखाँची जिल्लाको महाभारत पर्वतको पूर्व पाल्पासँग जोडिएको ऐतिहासिक पाणेनी ऋषिले 'अष्टध्यापी' नामको व्याकरण रचना गरेको तपोभूमिको रूपमा चर्चित स्थानको नाम पाणेनी तपोभूमिले प्रख्यात छ भनिन्छ पाणेनीका पुर्खाहरू शलातुर (हाल पाकिस्थानको पञ्जाव क्षेत्रमा पर्ने लाहोरमा) बस्दथे । उनको बाबुको नाम सामान थियो । आमा दाक्षी अर्थात् दक्षकुलकी छोरी/पाणिनीका बाबु धनी पष भएकोले सामनलाई पणित भनिन्थ्यो । पणिन त्यसै विशेषताबाट नै उनको छोराको नाम पाणिनी रहन गएको मानिन्छ ।

पाणिनी भन्दा अघिदेखि संस्कृत व्याकरणको विकास हुँदै आएको कुरा पाणेनीले आफ्नो अष्टध्यापीमा आफूभन्दा अघिका अविवसली, काश्पव, गार्ग्य, चाक्रावर्मण भारद्वाज, शाकटायन, शाकल्प जस्ता व्याकरणकारको उल्लेख गरेका छन् ।[40] तर १४ सुत्रको व्याकरणको आविष्कार ज्यादै वैज्ञानिक सुत्र मानिएको कुरा विश्वको विभिन्न विद्वान् स्वीकार गरेका छन् ।

विश्व विद्वानले गरेको प्रशंसा यस्तो छ ।

१. आधुनिक भाषा विज्ञानका जन्मदाता श्री ब्लुफिल्डले संस्कृत भाषा संसारमा सबैभन्दा विशुद्ध, सुन्दर हुनु मुख्य कारण महर्षी श्री पाणिनीको वैज्ञानिक विधिले परिपूर्ण व्याकरणको देन हो भनेका छन् ।

२. अमेरिकाली विद्वान् डब्लु नर्मन ब्राउनले वैदिक साहित्यको प्रशंसा साथै श्री पाणिनीज्यूका देनलाई धन्यवाद प्रदान गरेका छन् ।

[40] मोदनाथ प्रश्रित, **पाणेनी**, अङ्क १, वर्ष १ (अर्घाखाँची, पा.सा.प्र., २०६१), पृ. १, २, ३ ।

३. संस्कृत भाषाका चारै वेदहरूका साथै पचासभन्दा बढी पुस्तकहरू अंग्रेजी भाषामा अनुवाद गरेका श्री मेकसमुलरले भनेका छन् । हिन्दुहरूको व्याकरण र अन्वेषणको योग्यता विश्वमा भएका जातिको व्याकरण भन्दा अत्यन्त श्रेष्ठ छ ।

४. सर वि.वि. हन्टले भनेका छन् । विश्वभरका ब्याकरणहरूमा पाणिनीय ब्याकरण सबैको राजा हो ।

५. श्री कोलब्रुक भन्दछन् । पाणिनी ब्याकरणका नियमहरू खुब तर्क गरेर बनाएका छन् । शैली पनि यसको प्रतिभापूर्ण छ ।[४१]

यी विद्वान्को भनाइबाट पाणिनीको व्याकरण ज्यादै वैज्ञानिक भएको पुष्टि गर्न सकिन्छ ।

## २.३.१ पाणिनीको जन्म समय

पाणिनीको जन्म कहिले भयो स्पष्ट किटान भएको छैन तर अष्टध्यायीको सुत्रमा र ठाउँ ठाउँमा बौद्ध सन्दर्भहरूको उल्लेख गरिएकोले उनी गौतम बुद्धभन्दा पछिमा भएको प्रष्ट हुन्छ । डा. बासुदेव शरण अग्रवालले उक्त समय इ.पु. ४८०-४१० मानेका छन् ।

इ.पु. ३०० तिर पतञ्जलीले पाणेनीको खुत्रको भाव्य रचना गरे त्यसपछि पाणिनी, वरुची, पतञ्जली व्याकरण शास्त्रको प्रसिद्ध तीन मुनिको रूपमा चर्चित भए ।

## २.३.२ पाणेनी तपो भूमि पणेनाको वर्तमान अवस्था

समशितोष्ण हावापानी भएको करिब ७००० मी. उचाइमा पाणेनी सामुदायिक वन क्षेत्रमा अवस्थित यो ठाउँ अत्यन्त प्राकृतिक रूपले सुन्दर छ । १५ वटा मुख्य हिमालको दृश्य हेर्न सकिने उक्त ठाउँबाट तराइ र भारतको गोरखपुर

---

[४१] कृष्णचन्द्र स्वामी, **श्री भविष्य पुराणमा महर्षी श्री पाणिनीको संक्षिप्त परिचय** (बुटवल, आ.ज. जागृति २०५३), पृ. १३ ।

सहजै देख्न सकिन्छ । विभिन्न जातको जडीबुटी भएको उक्त स्थानमा जंगली जनावर र विभिन्न चराको अवलोकन गर्न सकिन्छ ।

भौतिक वस्तुहरूमा एक १०० × ५० मि. को पोखरी छ । त्यस्तै गरी विभिन्न देव देवीका मन्दिर र मूर्तिहरू छन् यहाा भएका मन्दिर र मूर्तिहरू

१. **प्राचीन शिद्धस्थान:** यो स्थान ज्यादै महत्त्वपूर्ण ठाउँ हो एउटा रुखमुनी कपिलेश्वर महादेवको पुरानो कालो ढुङ्गाको मूर्ति छ । यहाँका बासिन्दाले ज्यादै पुरानो भएको कुरा विश्वास गर्दछन् । मूर्तिको बनावट र ढुङ्गाको स्वरूप हेर्दा मल्ल कालभन्दा अगाडि को हो को भन्न सकिन्छ । तर अभिलेख पाइएन ।

२. **शिद्धेश्वर महादेव मन्दिर:** यो मन्दिर नयाँ नै हो मूर्ति पनि त्यति पुरानो नभएको प्रष्ट हुन्छ । कपिललाई २९ सौं शिव भनिने हुँदा उनैको नामबाट मन्दिर बनाएको देखिन्छ ।

३. **कृष्ण मन्दिर:** यो मन्दिर पनि त्यति पुरानो होइन मुर्ति नयाँ नै स्थापना गरिएको छ ।

४. **पाणेनी मन्दिर:** पाणेनीको सम्झना स्वरप यो मन्दिर निर्माण गरिएको पाइन्छ ।

५. **अन्नपूर्ण भगवती मन्दिर:** शक्तिदेवीको रूपमा बनाएको मन्दिर र शक्तिको मूर्ति स्थापना गरिएको छ ।

६. **हनुमान मन्दिर:** रामको सेवक हनुमान मन्दिर पनि यहाँ छ ।

७. **पुराण मण्डल:** यहाँ वर्षमा एक पुराण वाचन गरिन्छ । हालसम्म १८ वटा पुराणवाचन भइसकेको कुरा २२ वर्ष त्यस ठाउँमा बसेका स्वामी कृष्णानन्द परमहंशले बताउनु हुन्छ ।

८. **पाणिनी धर्मशालाः** आउने जाने पाउना बस्न सक्ने एक धर्मशाला पनि छ ।

९. **आश्रम प्रवेशद्वारः** आकर्षण एक प्रवेशद्वार छ बाहिर पाणिनीको मूर्ति पनि राखिएको छ ।

१०. **स्वामी कृष्णानन्द बस्ने आश्रमः** यहाँ आकासे पानी जम्मा गर्ने अर्घाखाँची जि.वि.स. बाट निर्मित घैंइटो पनि छ ।

पुरानो शैव क्षेत्र हाल वैष्णव र शक्ति केन्द्रको रूपमा रूपान्तर हुँदै गएको कुरा त्यहाँ नयाँ बन्दै गएका मन्दिरले प्रष्ट गर्दछ ।

### २.३.३ दैनिक पूजा र विशेष मेला

यहाँ एक पुजारीबाट दैनिक पूजा गर्ने चलन छ । पुजारीलाई गाउँलेहरू केही मात्रामा पारिश्रमिक दिने गर्दछन् । गुठीको व्यवस्था देखिएन । अक्षयकोष जम्मा गरिएको र त्यसको ब्याज पनि पूजामा प्रयोग गरिन्छ ।

वर्षमा एकपटक स्वामी कृष्णानन्दको सक्रियतामा पुराण वाचन हुने र त्यसको आम्दानी त्यहीको विकासमा खर्च गर्ने चलन छ ।

त्यस्तै विशेष पर्वमा मेला र थप पूजा हुने गर्दछ जस्तैः

१. **साउन संक्रान्तिः** पोखरीमा नुहाउने पूजा गर्ने ।

२. **असारे कात्तिक ठूला एकादशीः** नुहाउने र पूजा गर्ने ।

३. **साउने औंशीः** पोखरी नुवाउने पूजा गर्ने ।

४. **शिवरात्रीः** रुद्री गर्ने आदि ।

पाणेनी तपोभूमि संरक्षण र प्रचारप्रसारको लागि विभिन्न समिति निर्माण भएका छन् तर व्यवस्थित रूपबाट काम भने गर्न आर्थिक अभाव भएको कुरा समितिले बताउने गर्दछन् ।

## २.४ नर्तनाचल पर्वत क्षेत्रको सांस्कृतिक क्षेत्र सेङ्गलेङ्ग (सुचक्षु)

अर्घाखाँची जिल्लाको महाभारत पर्वतमा धनचौर गा.वि.स. वडा नं. ३ मा अवस्थित वैष्णव धार्मिक केन्द्रको रूपमा रहेको यस क्षेत्र करिब ७५०० मी. उचाइमा रहेको छ । प्राकृतिक रूपले निर्मित 'सुचक्षु' नामको एउटा दह पनि छ । भनिन्छ रामायणमा उल्लेखित ७ नदी मध्ये सुचक्षु यसै दहबाट उत्पन्न भएका नदी हो ।

### २.४.१ सेङ्गलेङ्गको ऐतिहासिकता

हिन्दु धर्मको प्रमुख अङ्गको रूपमा वैष्णव धर्म पनि एक हो । विष्णुलाई वैदिक कालदेखि नै महत्त्वपूर्ण देवताको रूपमा स्वीकार गरिएको थियो । खास गरेर वैदिक साहित्यमा रुद्र, मरुत, अग्नी, इन्द्र, उषा आदि देवताको समकक्षमा विष्णुलाई स्वीकार गरिएको छ ।

ऋग्वेद मन्त्रमा विष्णुको स्वरूपलाई सूर्यको गति तथा पर्वतमा विचरण गर्ने भयानक पशुसँग तुलना गरिएको छ । वेदको अनुसार विष्णुलाई जगत्को रक्षकको रूपमा र कसैले पनि जित्न नसक्ने वीरको रूपमा चर्चा गरिएको छ ।[४२]

यस पछिका ब्राह्मण साहित्यमा विष्णुको महिमा अझ उच्च भएको पाइन्छ । महाभारतमा विष्णुलाई कृष्णको अवतार लिएर जन्म भएको भनिएको छ । यसरी अवतार वादको सुरु भएको स्वीकार गरिएको छ । गितामा उल्लेख भए अनुसार भगवान् विष्णुको स्वरूप जान्न सकिँदैन । धर्मको लोप भएको बेला कुनै न कुनै स्वरूप लिएर प्रकट हुन्छन् । वास्तवमा गिताको भावनालाई ध्यान दिएर अवतार वादको सृजना भयो । अवतार वादको दश अवतार यसरी उललेख पुराणहरूमा गरिएको छ । मत्स्य अवतार, कुर्म अवतार वराह अवतार, नृसिंह अवतार, वामन अवतार, परशुराम अवतार, कृष्ण अवतार, बुद्ध अवतार कल्की अवतार, अवतार

[४२] शर्मा, पूर्ववत्, टिप्पणी नं. १०, पृष्ठ १७।

वादको तेस्रो अवतार वराह अवतारसँग यो क्षेत्र प्रभावित भएको छ । यहाँ वराहका विभिन्न रूपको पूजा गर्ने चलन रहेको पाइन्छ ।[४३]

अभिलेखको आधारमा इसा दोस्रो शताब्दीतिरको राजपुतनामा एउटा खण्डित अभिलेखमा वासुदेवको उपासना मण्डलको उल्लेख छ ।

नेपालमा पनि इसाको प्रारम्भिक शताब्दीको शासक मानिने हरिदत्त वर्माको पालाबाट वैष्णव धर्म सुरु भएको मानिन्छ । पश्चिम नेपालको सेङ्गलेङ्गमा पनि अभिलेख प्राप्त गर्न सकिएको छैन । वराहमुर्ती ज्यादै प्राचीन भएको सहजे थाहा पाउन सकिन्छ ।

## २.४.२ सेङ्गलेङ्गको वर्तमान अवस्था

यस ठाउँमा सुचक्षु नामको दह छ । दहभन्दा १ कि.मी. पश्चिम थुम्कोमा प्राचीन सिडी पर्खाल र पुराना मूर्तिहरू छन् । त्यहाँ रहेका देखि देवताहरू यसप्रकार छन् ।

१. सेती वराह
२. काली वराह
३. सत्यदेवी
४. मालिका
५. कालिका
६. भगवती (अर्घा)
७. माइ भगवती
८. नागराजा
९. काक्रेखोला
१०. झाक्री
११. लाटोझाक्री
१२. दुल्ला झाक्री
१३. मुरकुट्टा झाक्री

---

[४३] वासु बराल, **हिन्दु सामाजिक संगठनको प्रारुप** (काठमाडौं: साझा प्रकाशन, २०४४), पृ. ४३० ।

### २.४.३ पूजा विधि/नैमित्तिक र विशेष पूजाहरु

यहाँ दैनिक पूजा नहुँदो रहेछ । विशेष पर्व जस्तै जेष्ठ पूर्णिमा, वर्षमा २ पटक दशैं, नाग पञ्चमी मुख्य रूपमा पूजा हुन्छ । पूजा विधि पनि फरक पाइन्छ ।

**जेष्ठ पूर्णिमाः** परेवा चढाउने, दुध चढाउने, सेतो बोका काट्ने चलन चलिआएको छ ।

**दशैंः** देवीको पूजा गर्ने र द्वाद्धशीमा सरापें खेल्ने चलन छ । त्यस्तै चैते दशैंमा पनि त्यसै तिथीमा मेला लाग्ने चलन छ । बोका चढाउने, परेवा चढाउने पनि गरिन्छ ।

**नाग पञ्चमीः** यसमा नागको पूजा गर्ने दुधधार दिने कालो बोमा काट्ने चलन छ ।

**अन्यः** एकादशीमा पूजा गर्ने गरिन्छ ।

### २.४.४ संरक्षण व्यवस्था

त्यहाँ भएका पुरातात्विक मूर्ति र कुवा, पर्खालमा घाँस पलाएको छ खास राम्रो संरक्षणको अभाव देखिन्छ । सुचुक्ष दहको नजिक र मन्दिर निर्माण गरी संरक्षण गरिएको छ । संरक्षण समिति देखिएन ।

## २.५ नर्तनाचल पर्वत क्षेत्रमा रहेको ऐतिहासिक स्थल दुर्वाशा तपो गुफा

नर्तनाचल पर्वतको पुर्व खिदिम गा.वि.स. मा रहेको दुर्वाशा गुफा ज्यादै सुन्दर र ऐतिहासिकता बोकेको पाइन्छ । परा पूर्व कालमा भगवान शंकरको अवतार दुर्वाशामुनिले यदि गुफामा बसेर तपस्या गरेको किम्बदन्ती छ ।

### २.५.१ दुर्वाशाको परिचय र पौराणिक सन्दर्भहरू

ब्रह्माको मानस पुत्र अग्निमुनिको पुत्रको रूपमा पवित्र पतिव्रता अनुसुयाको कोखबाट दुर्वाशाको जन्म भएको थियो । यिनीलाई भगवान् सकरको अवतार पनि

मानिन्छ । यिनले भ्रमणमा सन्यास पद्धतिको प्रचार प्रसार र विस्तार पनि गरेका थिए । यिनले समय-समयमा महापुरुषको धर्म परीक्षा समेत गरेका थिए भन्ने भनाइ छ । उनको चरित्रसँग सम्बद्ध थुप्रै रोचक प्रसंगहर छन् । यिनले वैष्णव अम्बरीष राजाको परीक्षा गर्दा झण्डै विष्णुको सुदर्शन चक्रबाट जल्नु परेको थियो । कुनै बेला यिनले दशरथी श्री रामचन्द्रको र द्वारिकामा गएर श्रीकृष्णको समेत परीक्षा गरेका थिए । कुनै बेला नाङ्गै गंगाजीमा नुहाउने बेला अरू मानिसले देख्लान् भनी त्यही नुहाउन लागेको द्रौपतीले आफ्नो एक टुक्रा कपडा च्यातेर दिएकोले सोको लंगोटी लगाइ लाज पचाएका थिए यहि गुणले द्रौपतीको लाच पचाउन उनले आशिर्वाद दिएका थिए । उनले कठोर तपस्या भङ्ग गर्न अप्सराहरू प्रयोग भएको किम्बदन्ती छ ।[४४]

गुफाको प्रकृति हेर्दा प्राचीन मानव बसोबास गरेको संकेत पाइन्छ । यहाँ बनाइएका बुट्टाहरू ज्यादै प्राचीन भएको अनुमान गर्न सकिन्छ ।

## २.५.२ दुर्वाशा गुफाको वर्तमान अवस्था

गुफा ३० मि. जति लामो र १५ मि. उचाइ छ । पूर्वी उत्तर कुनामा ६ फिट अग्लो कालो ढुङ्गाको शिव लिङ्ग आकारको छ । गुफाको विभिन्न ठाउँमा मानव निर्मित बुट्टा छन् । जसलाई स्थानीय मानिस कुबेर भण्डार, बागछाला, सुमेरु पर्वत भनि नामाकरण गरेको पाइन्छ । कुनै अभिलेख वा अक्षर अवलोकनबाट पाउन सकिएन । तर त्यहाँ भएमा बुट्टाहरू चुने ढुङ्गाबाट बनेको नभइ प्राचीन मानव निर्मित हुन सक्ने निम्न आधार देखिन्छ ।

(क) माथि तल दायाँ बायाँ खाली विचमा मात्र छन् ।

(ख) गुफाको प्रकृति हेर्दा बसेर बनाउन सक्ने र उभिएर पुग्न सक्ने ठाउँमा मात्र छन् ।

(ग) कालो तर काटिने ढुङ्गामा त्यस्ता बुट्टा छन् ।

---

[४४] नारायणप्रसाद आचार्य, **सन्धि**, अङ्क १, वर्ष १, (अर्घाखाँची कर्मचारी मिलन केन्द्र, २०५३), पृ. ११ ।

(घ) त्यस गुफा भन्दा उत्तर १ कि.मी. पर त्रिवेणी भन्ने ठाउँमा प्राचीन ढुङ्गे हतियार बनाउन मिल्ने कालो ढुङ्गा पनि पाइन्छ ।

(ङ) त्यस क्षेत्रमा ढुङ्गे हतियार प्रशस्त पाइएका छन् ।

(च) गुफा घाम लाग्ने पश्चिम ढोका भएको ठाउँमा छ ।

यो गुफामा प्राचीन मानव बस्न सक्ने आधार पाइन्छ । गुफा बाहिर विभिन्न मन्दिर र मूर्ति स्थापना गरिएको छ । त्यसमा मुख्य निम्न छन् ।

१. **दुर्वाशा मुर्ति** : जुन गुफाको गेटमा राखिएको छ ।

२. **गणेश मन्दिर** : यसमा गणेशको मूर्ति रहेको छ ।

३. **शिव मन्दिर:** नयाँ आकर्षण मूर्ति राखिएको छ ।

४. **हनुमान मूर्ति**

५. राधा कृष्ण मन्दिर र मूर्तिहरू पनि राखिएको छ ।

६. **नाग देवी देवताहरू:** आकर्षण कला पूर्ण छ ।

७. **पाहुना आश्रम:** यस आश्रममा करिब ६० जना वस्न सक्ने व्यवस्था मिलाइएको छ । लुगा पनि उपलब्ध छन् ।

### २.५.३ संरक्षण अवस्था

रामप्रसाद गौतमको अध्यक्षतामा एक संरक्षण समिति निर्माण भएको छ । यसले दैनिक पूजा र रातमा चौकिदारको व्यवस्था पनि गरेको पाइन्छ ।

**पूजा र पर्व:** यस तपो गुफामा हाल दैनिक पूजा गर्ने गरिन्छ । २०५१ सालबाट यसको संरक्षणमा कौशल पन्थी पनि लामो समय यस ठाउँमा बस्नु भएको थियो । विशेष गरी एकादशी र अन्य पर्वमा विशेष मेला लाग्ने गर्दछ ।

**जग्गा व्यवस्था:** करिब १०० रोपनी जग्गामा विभिन्न  जडीबुटी र फलफुल लगाउने कार्य भइराखेको छ ।

समग्रमा यो गुफा ऐतिहासिक भए पनि २०५१ सालबाट संरक्षण कार्य सुरु भएको संरक्षण गर्दा यहाँको स्वरूपमा केही परिवर्तन भएकोले पुरातात्विक अवशेष पाउन कठिन भएको छ । तर त्यहाँ भएका ढुङ्गामा बुट्टा चाहिँ प्राचीन मानव निर्मित भएको अनुमान गर्न सकिन्छ । यस गुफाको व्यापक अध्ययन गर्नुपर्ने अवस्था नकार्न सकिन्न ।

# तेस्रो अध्याय

## नर्तनाचल पर्वत क्षेत्रमा पर्यटकीय पूर्वाधारहरू

पर्यटन विकास गर्न ऐतिहासिक ठाउँ भएर मात्र हुँदैन । त्यसको लागि पर्यटक रमाउन सक्ने ठाउँ निर्माण हुनुपर्छ । खान, वस्न, मनोरञ्जनको लागि समेत उचित व्यवस्था हुनु पर्ने हुन्छ । जहाँ जति भौतिक सुविधाहरु हुन्छ । त्यस ठाउँमा बढी पर्यटक आउने गरेको पाइन्छ । त्यसैलेपर्यटन विकास गर्न भौतिक विकास आवश्यक छ । नर्तनाचल पर्वत क्षेत्रमा भएका मुख्य पाँच संगठनको पर्यटकीय सुविधाको लागि भौतिक अवस्थाको चर्चा भएको छ । नर्तनाचल क्षेत्रमा मुख्य सांस्कृतिक क्षेत्रको परिचय अगाडीको परिच्छेदमा गराइएको हुँदा यहाँ पर्यटकको लागी आकर्षण र पुर्वाधार वारे अध्ययन गरिने छ ।

### ३.१ सुपा देउराली

पर्यटकको लागी प्राकृतिक सुन्दरता साथै भौतिक सुविधा पनि आवश्यकता पर्दछ । पर्यटक वस्ने ठाउँ र मनोरञ्जन स्थलको पनि आवश्यकता पर्दछ । ती भौतिक अवस्था बारे यहाँ चर्चा गरिन्छ ।

#### ३.१.१ पुग्न सकिने यातायत

राम्रो ठाउँ भएर पनि पुग्न नसक्ने यातायात नभएमा पर्यटन विकास गर्न कठिन पर्दछ । सुपा देउरालीमा सडक यातायातको राम्रो सुविधा छ । कालो पत्रे बाटोको सुविधा छ बस, माइक्रो वस सजिलोसँग जान सक्छन् । यो ठाउँ महेन्द्र राजमार्ग गोरु सिगेवाट ४९ कि. मी. उत्तरमा छ, रेल यातयातबाट करिब ९० कि. मी. उत्तरमा छ, रेल यातायात भारतको सिमा कृष्ण नगर र सुनौली नाका सम्म भएको र यहाँवाट सडकको राम्रो सुविधा छ ।

### ३.१.२ सञ्चार

अर्घाखाची जिल्लाको फोन सेवाको टावर यही नजिक भएको र तराइवाट नजिक पर्ने भैरहवाको मोवाइल फोनले पनि राम्रो काम गर्दछ जिल्लामा पनि फोन सेवा विकास भएको हुँदा फोन उपलब्ध छ ।

### ३.१.३ बैंक सुविधा

संन्धीखर्क नजिक पर्ने हुँदा यहाँ बैंकको  सुविधा राम्रो छ त्यस्तै ठाउँमा पनि वित्तिय सुविधा छ । पर्यटन विकासको लागी उपयुक्त सेवा पाउन सकिन्छ ।

### ३.१.४ खानेपानी

सुपा देउरालीमा खाने पानीको राम्रो सुविधा छ पानी सफा नजिक मुहान पनि छन् यहाँ पानीको कुनै समयमा पनि समस्या पर्दैन ।

### ३.१.५ बिजुली

यस ठाउँमा विजुलीको सुविधा पनि छ। बिजुली राष्ट्रिय लाइन जोडिएको छ।

### ३.१.६ चर्पी

पर्यटकलाई चर्पीको राम्रो व्यस्था हुनु पर्दछ । तर यस ठाउँमाचर्पीको राम्रो व्यवस्था छैन होटलमा चर्पी छन् नजिक जङ्गल भएकोले जङ्गललाइ चर्पीको रूपमा प्रयोग गरिन्छ ।

### ३.१.७ होटल

यहाँ वासवस्न र खान हाटलको सुविधा छ। तर आधुनिक होटलको अभावनै छ  करिब १७ जति होटल यहाँ सेवा लागी तत्पर छन् ।

### ३.१.८ पाटीपौवा

यस ठाउँमा एउटा पौवा छ । जहाँ ३० जना सम्म बस्न सकिन्छ तर पौवामा आवश्यक सुविधाको अभाव छ ।

### ३.१.९ चौतारा विश्राम स्थलहरू

सुपा देउरालीमा यस्ता चौताराहरू कम छन् १ कि. मि. वरपर भने प्रसस्त चौताराहरू छन् ।

### ३.१.१० खेल मैदान

यस ठाउँमा खेलखेल्न आवश्यक मैदानको अभाव छ तर २ कि. मि. नजिक भने यस्तो सुविधा उपलब्ध गराउँन सकिन्छ ।

### ३.१.११ दृष्य अवलोकन टावर

यहाँ यस्तो टावरको आवश्यक भए पनि हाल सम्म यस्तो टावर निर्माण गर्न सकिएको छैन ।

### ३.१.१२ पोखरी झरना

यहाँ प्रकृति बाट निर्मीत झरना छ । जहाँ नुहाउन सकिन्छ । त्यस्तै दह भएकोले नुहाउन सुविधा छ । तर मानव निर्मीत पोखरी छैन ।

### ३.१.१३ सुरक्षा

यो ठाउँ सुरक्षाको हिसावले राम्रो मानिन्छ । नजिकैको प्रहरी पनि रहेको छ । जनता समितीले सुरक्षाको लागी कृयाशील छन् ।

### ३.१.१४ पेय पदार्थ

यस ठाउँमा परम्परागत रूपमा औषधिको रूपमा प्रयोग गर्ने टिमुरको रक्सी पाउन सकिन्छ । जो औषधीको रूपमा पनि प्रयोग गरिन्छ । दुध, दहि र मही पनि प्रशस्त पाउन सकिन्छ । यही उत्पादन भएको कफि र चिया पनि यहाँ पाइन्छ ।

### ३.१.१५ खाना

यहाँ नेपाली खाना मकैको भात र सिन्की दुध, दही मही खान पाइन्छ । अनेत्र खाने मासु भात, रोटी, दाल, तरकारी, पनि दान पाइन्छ । खाजाको रूपमा खिर भटमास पनि पाइन्छ ।

### ३.१.१६ मनोरञ्जन

यहाँ दोहोरी गित लोक गित,नृत्य पनि हेर्न सकिन्छ । व्यवसायीक रूपमा विकास नभएको हुदाँ पहिले व्यवस्था मिलाउन पर्ने हुन्छ ।

### ३.१.१७ पैदल यात्राको बाटोहरू

यस ठाउँमा पैदल यात्राको लागी बाटोहरू छन् पैदल यात्रा गर्ने प्रर्यटकहरूको एक देखी तिन दिन सम्म यसै नर्तनाचल पर्वत क्षेत्रमा बाटोहरू पनि छन् ।

### ३.१.१८ क्याम साइट

पैदल यात्राको लागी आवश्यक क्याम साइडहरू पनि छन् । इन्धनको लागि दाउरा, मट्टितेल प्रयोग गर्न सकिन्छ । सबै ठाउँमा विद्युत पुग्न सकेको छैन ।

समग्र पूर्वाधार अध्ययन गर्दा ठूला तारेहोटल नभए पनि पर्यटकको लागि अन्य पूर्वाधार तयार बन्दै गएका छन् र जनता पनि यस कुरामा बढी लागेको पाइन्छ । सरकारी स्तरबाट पर्यटन पूर्वाधारको रूपमा खासे लगानी भएको पाइँदैन ।

## ३.२ नर्तनाचल क्षेत्र (नरपानी)

पर्यटन विकास गर्न ऐतिहासिक महत्त्व सांस्कृतिक मात्र भएर पुग्दैन त्यहाँ भौतिक पूर्वाधार पनि बन्नुपर्ने हुन्छ । पुग्न सक्ने र वस्ने, घुम्ने ठाउँको पनि निर्माण गर्नुपर्ने हुन्छ । यसैले नरपानी क्षेत्रमा पर्यटक विकास गर्न के कस्ता पूर्वाधार तयार भएका छन् भन्ने चर्चा गरिन्छ ।

### ३.२.१ यातायात

पर्यटन विकासको लागि यातायातको ज्यादै महत्त्वपूर्ण भूमिका रहन्छ । त्यसैले जुन ठाउँमा यातायात पुगेको छैन । पर्यटन विकास गर्न कठिन हुन्छ । तर पानीमा महेन्द्र राजमार्ग देखि सन्धीखर्कसम्म जोड्ने मार्गले गर्दा कालोपत्रे बाटोको सुविधा छ । गोरुसिंगेबाट करिब ५१ कि.मी. उत्तरमा यो ठाउँ पर्दछ । वस माइक्रो वसको राम्रो सुविधा छ । हवाइ यातायात भने भैरहवा सम्म मात्र छ । रेल यातायात भारतेको सुगौली नामा वा कृष्ण नगर नाका नजिकका द्वार हुन् ।

### ३.२.२ संचार

संचारमा यस ठाउँले राम्रो विकास गर्ने अवसर पाउन थालेको छ हाल र लाइन टेलिफोन भए पनि चाँडो विकास हुने अवस्था संचारको छ । हुलाक सेवा पनि नियमित छ ।

### ३.२.३ बैंक सुविधा

पर्यटन विकासको लागि बैंक आवश्यक पर्दछ । हालसम्म बैंक कार्यालय छैन । सन्धीखर्क नजिक पर्ने हुँदा बैंकसेवा सन्धिखर्क नै निर्भर पर्नुपर्ने अवस्था छ । वित्तीय सहकारी संस्था भने यसै ठाउँमा छन् ।

### ३.२.४ खानेपानी

नरपानीमा खाने पानीको राम्रो सुविधा छ । वर्षको सबै समयमा खानेपानी उपलब्ध हुन्छ पानी सम्म छ ।

### ३.२.५ चर्पी

सार्वजनिक चर्पीको सुविधा नभए पनि नजिक जङ्गल भएको र होटलमा राम्रो चर्पीको सेवा पाउन सकिन्छ ।

### ३.२.६ होटलहरू

नरपानीमा होटलको मध्यम खासको सुविधा छ तारे होटल हालसम्म यहाँ छैनन तर सामान्य वस्न सुत्न सकिने १७ जति होटलहरू यहाँ उपलब्ध छन् ।

### ३.२.७ पाटी पौवा

नरपानीमा एक पौवा छ जहाँ सामान्य रूपमा २० जना जति वस्न सक्ने अवस्था छ । आरामको लागि प्रतिक्षालय भने निर्माण भएको छ ।

### ३.२.८ चौतारा बस्ने ठाउँ

यस क्षेत्रमा छहारिमा बस्न चौतारा छन् जुन गर्मीमा आराम गर्न र दृश्य अवलोकन गर्न उपयुक्त छन् ।

### ३.२.९ खेल खेल्ने मैदान

नरपानीमा सार्वजनिक ठूला-ठूला चहुर भएको र खेल खेल्न सकिन्छ । तर व्यवस्थित रूपबाट निर्माण गरिएका मैदान भने बनेका छैनन् ।

### ३.२.१० पैदल यात्राको लागि मार्गहरू

नरपानी अर्घाखाँची जिल्लाको पुरानो सदरमुकाम पनि भएको ठाउँ हुँदा जिल्लामा विभिन्न ठाउँमा पुग्न सकिने पैदल मार्ग बनेका छन् । पर्यटकको लागि पहाड चड्ने र पैदल यात्राको लागि करिब ३ दिनको प्याकेज तयार गर्न सकिन्छ ।

### ३.२.११ क्याम साइड

पर्यटकको लागि पैदलयात्रा गर्दा क्याम साइडको आवश्यक हुन्छ । त्यस्ता क्यामसाइडहरू यस क्षेत्रमा राम्रो सुविधाहरू तर क्याम साइडको रूपमा विकास भइसकेको छैन । इन्धनको रूपमा मुख्य दाउरा र मट्टितेल प्रयोग गर्न सकिन्छ ।

### ३.२.१२ विद्युत सुविधा

नरपानीमा विद्युत सुविधा उपलब्ध छ तर सबै क्याम साइडमा यो सेवा उपलब्ध छैन ।

### ३.२.१३ अतिथि संस्कार

पर्यटन विकास गर्न चाहिने मुख्य तत्त्वको रूपमा रहेको अतिथि सत्कार यस ठाउँको जनताको लागि धर्मको रूपमा स्वीकार गर्ने गरिन्छ । त्यसैले अतिथि सत्कार यहाँ राम्रो छ ।

समग्र रूपमा अध्ययन गर्दा नरपानीमा पर्यटकलाई आवश्यक पूर्वाधार तयार हुने अवस्था छ । जनताको सक्रियता ज्यादै उत्साहजनक भएकोले यो काम छिटो हुने आशा गर्न सकिन्छ ।

### ३.२.१४ दृश्यावलोकन टावर

विभिन्न हिमाल र तराइको दृश्य अवलोकन गर्न सकिने ठाउँ भए पनि टावरहरूको निर्माण भए पर्यटकलाई दृश्य अवलोकन गर्न सजिलो हुने भए पनि निर्माण भएको छैन ।

### ३.२.१५ पोखरी

पानी जम्मा गरी निर्माण गरिएको पोखरी छ । तर पौडी खेल्न मिल्ने गरी निर्माण गरिएको छैन । नरपानी नजिक खाँची माथि विन्दुरसर नामको एकताल छ । जसलाई कम लागतमा निर्माण गर्न सकिन्छ । विचमा एउटा ठाउँबाट पानी चुहेको र चारैतर्फ अग्लो पहाडबाट निर्माण भएको प्राचीन ताल यस क्षेत्रको बढी सुन्दर र पर्यटनको विकास गर्न सहायक हुन सक्छ ।

### ३.२.१६ सुरक्षा

प्रहरी चौकी यही भएको र जनता पनि पर्यटक सेवामा लागेको कारण सुरक्षा व्यवस्था राम्रो छ ।

### ३.२.१७ मनोरञ्जन

यहाँ स्थानीय लोकगित र नृत्यको लागि प्रख्यात छ । कपिलेश्वर महादेवको पालामा लङ्काबाट रावण यसै ठाउँ आएर नृत्य सिकी महादेवलाई खुसी बनाएको कुरा वराह पुराणले उल्लेख गरेको छ । परम्परादेवी अनेत्र कम पाइने संगीत र नृत्य यहाँ पाउन सकिनछ । तर यो गीत र नृत्य व्यवसायिकरण नभएकोले आवश्यकता परे मात्र उपलब्ध हुन्छ ।

### ३.२.१८ दृश्य अवलोकन टावर

विभिन्न हिमाल र तराइको दृश्य अवलोकन गर्न सकिने ठाउँ भए पनि टावरहरूको निर्माण भए पर्यटकलाई दृश्यावलोकन गर्न सजिलो हुने भए पनि निर्माण भएको छैन ।

### ३.२.१९ पोखरी

पानी जम्मा गरी निर्माण गरिएको पोखरी छ । तर पौडी खेल्न मिल्ने गरी निर्माण गरिएको छैन । नरपानी नजिक खाँची माथि विन्दुसर नामको एक ताल छ । जसलाई कम लागतमा निर्माण गर्न सकिन्छ । विचमा एउटा ठाउँबाट पानी चुहेको र चारैतर्फ अग्लो पहाडबाट निर्माण भएको प्राचीन ताल यस क्षेत्रको बढी सुन्दर र पर्यटनको विकास गर्न सहायक हुन सक्छ ।

### ३.२.२० सुरक्षा

प्रहरी चौकी यही भएको र जनता पनि पर्यटक सेवामा लागेको कारण सुरक्षा व्यवस्था राम्रो छ ।

### ३.२.२१ मनोरञ्जन

यहाँ स्थानीय लोकगीत र नृत्यको लागि प्रखयात छ । कपिलेश्वर महादेवको पालामा लङ्काबाट रावण यसै ठाउँमा आएर नृत्य सिकी महादेवलाइ खुशी बनाएको कुरा वराह पुराण्ले उल्लेख गरेको छ । परम्परादेखि अनेत्र कम पाइने संगीत र नृत्य यहाँ पाउन सकिन्छ । तर यो गीत र नृत्य व्यवसायिकरण नभएकोले आवश्यकता परे मात्र उपलब्ध हुन्छ ।

### ३.२.२२ खाना

नरपानीमा खानाको प्रकार परम्परागत नेपाली खानाको साथ आधुनिक खाना पनि उपलब्ध छ ।

## ३.३ नर्तनाचल पर्वतको ऐतिहासिक क्षेत्र पणेना

पर्यटन विकासको लागि ऐतिहासिक क्षेत्र मात्र भएर हुँदैन । पर्यटन विकासको लागि भौतिक विकासको पनि महत्त्वपूर्ण भूमिका रहन्छ । त्यसैले यहाँ उपलब्ध भौतिक पर्यटन पूर्वाधार बारे चर्चा गर्नुपर्ने हुन्छ ।

### ३.३.१ पुग्न सकिने

ठाउँ महत्त्वपूर्ण भए पनि त्यो ठाउँमा पुग्न नसकिने भए पर्यटन विकास गर्न कठिन हुन्छ । पणेना तपोभूमि क्षेत्रमा पुग्नको लागि पाल्पा तानसेनबाट एउटा नाका छ । श्री नगरबाट करिब ३१ कि.मी. पश्चिममा यो ठाउँ पर्दछ । त्यस्तै सन्धिखर्क, दुर्वाशा गुफा हुँदै पुग्न सकिन्छ । महेन्द्रराज मार्गबाट नरपानी घुम्टीसम्म कालोपत्रे बाटो भएर पनि पुग्न सकिन्छ । तम्घास गुल्मीबाट र प्युठानबाट समेत जिप चल्ने बाटोको सुविधा छ ।

### ३.३.२ संचार

पर्यटन विकासको लागि संचार पनि महत्त्वपूर्ण हुन्छ । यस ठाउँमा ३ लाइन टेलिफोन सेवा उपलब्ध छ । अरू सेवा विस्तार हुँदैछ । त्यसैले संचार सुविधा राम्रो हुँदै गएको छ । हुलाक सेवा पनि उपलब्ध छ ।

### ३.३.३ बैंक सुविधा

पणेना तपोभूमि क्षेत्रमा सहकारी वित्तीय संस्था भए पनि यसै ठाउँमा बैंक सुविधाको लागि पाल्पा, तानसेन वा सन्धिखर्क जिल्ला सदर मुकाम पुग्न पर्ने अवस्था छ ।

### ३.३.४ खानेपानी

पर्यटन विकासको पूर्वाधारमा खाने पानी प्रमुख हुन्छ । तपोभूमी उचाइमा भएकोले पानी अनेत्रबाट ल्याउन कठिन घैंटोमा जम्मा गरेर पानी राखिएको हुन्छ । बजार क्षेत्रमा पानीको राम्रो सुविधा छ । होटल र गाउँमा पानीको सुविधा प्रशस्त मात्रामा छ ।

### ३.३.५ बिजुली

बिजुली विकासको पूर्वाधार हो हालसम्म प्रयासरत अवस्थामा विद्युत भई नसकेको अवस्था छ ।

### ३.३.६ चर्पी

सार्वजनिक चर्पीको व्यवस्था नभएको भए पनि होटल र ग्रामीण घरमा व्यवस्था राम्रो छ जंगल क्षेत्र नजिक भएकोले यो समस्याको रूपमा आएको छैन ।

### ३.३.७ होटलहरू

पर्यटक आराम गर्न र खानपिनको लागि होटलको व्यवस्था हुन आवश्यक हुन्छ । यहाँ दिनमा १०० जना सम्म बस्न सकिने मध्यम खालको होटलहरू छन्।

### ३.३.८ पाटी पौवा

पाणेनी तपोभूमि ठाउँमा एक पाटी छ । अन्य विकाश्राम घर निर्माण गर्ने अवस्थामा त्यहाँको संरक्षण समिति लागेको छ ।

### ३.३.९ चौतारा बस्ने ठाउँहरू

चौतारा बस्ने ठाउँ प्रशस्त मात्रामा छन् जो पहिले पाटो हिंड्ने मानिसको लागि बनाइएको थियो ।

### ३.३.१० खेल खेल्ने मैदान

पाणेनी तपोभूमि क्षेत्रमा ठूलो चौर छ । यहाँ विभिन्न खेल खेल्न सकिने अवस्था छ । व्यवस्थित रूपले कुनै खेलको लागि निर्माण भएका ठाउँको विकास भएको छैन ।

### ३.३.११ दृश्य अवलोकन टावर

विभिन्न हिमाल र तराई पनि दृश्य अवलोकन गर्न सकिन्छ । टावर भने बनिसकेको छैन ।

### ३.३.१२ पोखरी

पाणेनी तपोभूमिमा एक सुन्दर पोखरी छ जसमा वर्षायाममा जम्मा भएको पानी चैत्रसम्म रहने गर्दछ । केही महिना सुक्ने अवस्थामा रहन्छ ।

### ३.३.१३ सुरक्षा

सुरक्षाको दृष्टिलेयो ठाउँका जनता ज्यादै सजक छन् । पर्यटकको लागि जनता सुरक्षा दिने गर्दछन् । प्रहरी चौकी पनि नजिक छ ।

### ३.३.१४ खाना

यहाँ पनि नेपाली मकैको भात (ढिडो) र सिन्की खान पाइन्छ । अन्य दाल, भात, रोटी, मासु आदि पनि उपलब्ध छ । दुध, दहि, महीको लागि यो ठाउँ ज्यादै प्रसिद्ध छ । नौनी घ्यू र ताजा घ्यू, ताजा तरकारी पनि खान पाइन्छ ।

### ३.३.१५ मनोरञ्जन

लोकप्रिय र लोकनृत्यहरू यहाँ मनोरञ्जनको रूपमा प्रख्यात छन् । त्यस्तै भजन, तान्त्रिक उपचार पद्धति पनि हेर्न लायक नै हुन्छन् ।

### ३.३.१६ पैदल यात्राको लागि मार्गहरू

बुटवल देखि रुकुमसम्म आवत जावत गर्ने पुराना मार्ग पर्यटकको लागि पेदल मार्गको रूपमा बाटाहरू छन् । १ देखि ५ दिनसम्मका सरल पैदल बाटो भएकोले पैदल यात्रुको लागि ज्यादै उपयुक्त क्षेत्र छ ।

### ३.३.१७ क्याम साइड

पैदल यात्राको लागि विच विचमा बस्न सकिने क्याम्प साइड पनि छन् । इन्धनको रूपमा सस्तो दाउरा प्रयोग गर्न सकिन्छ र मट्टितेल पनि पाउन सकिन्छ ।

### ३.३.१८ अतिथी सत्कार

यस ठाउँको परम्परागत रूपमा नै अतिथि सत्कार गर्ने धर्मको रूपमा विकास भएको छ । हाल पनि पाहुना पर्यटकलाई ज्यादै माया गर्ने गर्दछन् ।

पर्यटन पूर्वाधार तयार गर्न यहाँका बासिन्दा ज्यादै क्रियाशील भएको पाइन्छ । सरकारी स्तरबाट पनि बजेट छुट्टाई साना तिना विकास निर्माणमा कार्य भएको पाइन्छ । ठूला होटलको विकास नभए पनि अन्य सुविधा भने यस ठाउँमा कम छैन भन्न सकिन्छ ।

## ३.४ नर्तनाचल पर्वतको एक सांस्कृतिक पर्यटन क्षेत्र सेङ्गलेङ्ग

नर्तनाचल पर्वतको पश्चिम सिमामा पर्ने सेङ्गलेङ्ग ऐतिहासिक र धार्मिक केन्द्र पनि हो पर्यटककीय दृष्टिले उपयुक्त ठाउँमा पर्यटन पूर्वाधार तयार गर्न बाँकी नै छ । यहाँ भएका पूर्वाधारहरू

### ३.४.१ यातायात

सन्धिखर्कदेखि मालुबाङ्ग जोड्ने मोटर बाटो नै यस ठाउँको सडक यातायात प्रमुख हो । यहाँसम्म जीव जान सक्ने कच्ची मोटर बाटो पुगेको छ । ठाडाबाट जुकेना हुँदै यस ठाउँमा पुग्न पनि सकिन्छ ।

### ३.४.२ संचार

पर्यटन विकासको लागि संचार पनि आवश्यक हुन्छ । यहाँ नजिक ३० मिटर दुरीमा फोन सेवा भए पनि सेङ्गलेङ्गमा फोन सेवा सुरु हुने अवस्थामा रहेको छ ।

### ३.४.३ बैंक सुविधा

सन्धिखर्क वा ठाडामा बैंक सेवाहरू यहाँ पनि बित्तिय संस्था सहकारी भए पनि बैंकको राम्रो सेवा यस ठाउँमा छैन ।

### ३.४.४ होटल सुविधा

सामान्य नास्ता र चिपा पसलभन्दा बस्न सक्ने होटलको अभाव नै छ । तर जनता ज्यादै सहयोगी भएकोले पर्यटकलाई घरमा नै राख्न सक्ने अवस्था छ ।

### ३.४.५ बिजुली

हालसम्म यस ठाउँमा बिजुली पुगेको छैन । सोलारबाट बत्ती बाल्ने काम हुन्छ । छिटो नै विद्युत विस्तार हुने अवस्थामा छ ।

### ३.४.६ खेल खेल्ने मैदान

प्रकृतिको वरदान स्वरूप खेल खेल्ने ठूला चौर यहाँ छन् । तर निश्चित खेल खेल्ने ठाउँको निर्माण गरिएको छैन ।

### ३.४.७ पोखरी

प्रकृति निर्मित दह छ जहाँ पौडी खेल्न सकिन्छ । जनताले संरक्षण गर्ने काम गरेका छन् ।

### ३.४.८ खानेपानी

खानेपानीको यस ठाउँमा समस्या रहेको छ । घैंटोमा पानी जम्मा गरी हाल खाने पानी उपलब्ध भएको छ र परम्परागत कुवा भने यहाँ छन् ।

### ३.४.९ पाटी पौवा

आराम गर्ने पाटी यहाँ निर्माण भएको छ । आराम गर्ने र दृश्य अवलोकन गर्न पनि सजिलो छ ।

### ३.४.१० होटलहरू

चिया नास्ता खानको लागि २ वटा जति होटल छन् । आवश्यकता अनुसार विकास गर्न सकिने अवस्था छ ।

### ३.४.११ खाना

यस ठाउँमा स्थानीय खाना मकैको भात र सिन्की पाइन्छ भने अन्य ठाउँमा पाइने दाल, भात, रोटी, तरकारी, मासु र ताजा फलफूल पनि पाइन्छ ।

### ३.४.१२ मनोरञ्जन

लोकगीत र लोकनृत्य नै यस ठाउँको मनोरञ्जन क्षेत्र हो । यहाँ विभिन्न भाकाको गीत जुन मौसम अनुसार पनि गाउने गरिन्छ । यस ठाउँमा मगर समुदाय पनि भएकोले बढी रमाइलो संस्कृति अवलोकन गर्न सकिन्छ ।

### ३.४.१३ पैदल यात्राको बाटोहरू

पर्यटकको लागि पैदल यात्रा पनि आवश्यक पर्दछ यहाँ त्यस्ता बाटाहरू प्रशस्त जंगलको जनावर चरा अवलोकन गर्दै हिंड्ने बाटा पनि छन् ।

### ३.४.१४ क्याम साइट

पैदल यात्रा गर्दा आवश्यक पर्ने क्याम साइडहरू यस ठाउँमा पाउन सकिन्छ । त्यस्ता क्यापहरू निर्माण गरिएको भने छैन । प्राकृतिक रूपमा भएका ठाउँको छनोट गर्नु पर्ने हुन्छ ।

### ३.४.१५ सुरक्षा

सुरक्षाको लागि नजिक प्रहरी चौकी नभए पनि टाढामा इलाका प्रहरी भएकोले र गाउँलेहरू पनि सुरक्षा प्रदान गर्न सक्रिय भएको हुँदा सुरक्षा व्यवस्था ठीकै छ भन्नु पर्दछ ।

यहाँको भौगोलिकता र ऐतिहासिकताले गर्दा पर्यटकलाई आकर्षण गर्न सक्ने अवस्था छ । भौतिक पूर्वाधार सबै तयार भइसकेको अवस्था भने छैन ।

## ३.५ दुर्वासा गुफा र त्रिवेणी ऐतिहासिक स्थल

यो ठाउँ अर्घाखाँची जिल्लाको पूर्व खिदिम गा.वि.स. मा पर्दछ । यहाँको पर्यटन विकास गर्न आवश्यक पूर्वाधारहरू तयार गर्ने क्रममा जनता ज्यादै क्रियाशील भएको पाइन्छ । यहाँ भएका पूर्वाधारहरू यसरी उल्लेख गर्न सकिन्छ ।

### ३.५.१ यातायात

सन्धिखर्क, पाल्पा, तानसेन जोड्ने मोटर-बाटो यसै स्थान भएर बनेको हुँदा कच्ची वस चल्न सक्ने अवस्थाको मोटर बाटो निर्माण भएको छ । यसैले वर्षमा एक दुई महिना गाडी नचले पनि अन्य समयमा गाडीको सविधामा उपलब्ध छ ।

### ३.५.२ खानेपानी

यस क्षेत्रमा खानेपानीको राम्रो सुविधाहरू सरस्वती नदी र पार्वती नदी यही ठाउँमा मिलेर बग्ने हुँदा पौडी खेल्न सकिने साना साना रह पनि यहाँ छन् । खानेपानी सफा र सधैं उपलब्ध छ ।

### ३.५.३ संचार

संचारमा पनि हालसम्म ३ लाइन फोन सेवा उपलब्ध छ र विस्तार अवस्थामा रहेको छ ।

### ३.५.४ होटलहरू

यस ठाउँमा पनि साना साना करिब २० जति होटल छन् । खान सुत्न सेवा उपलब्ध छ तर तारे होटल भने यहाँ बनिसकेका छैनन् ।

**सुरक्षाः** खिदिममा प्रहरी चौकी भएकोले पनि सुरक्षा राम्रो प्रबन्ध छ ।

### ३.५.५ बैंक सुविधा

पर्यटकको लागि बैंक सेवा पनि आवश्यक हुन्छ तर पनि बित्तिय संस्था सहकारी छन् भने वाणिज्य बैंकको लागि सन्धिखर्क नै सेवा क्षेत्र हो ।

### ३.५.६ पाटीपौवा

दुर्वाशा गुफा क्षेत्रमा एउटा पाहुना घर र केही लुगा समेत उपलब्ध छन् । एक रातमा ४० जना सम्म बास बस्न सक्ने अवस्था छ ।

### ३.५.७ बस्ने चौतारा

यस्ता चौर यहाँ पाइन्छन् । जहाँ गर्मी समयमा आराम गर्न सकिन्छ ।

### ३.५.८ पैदल यात्राको लागि बाटोहरू

यहाँबाट ग्रामीण संस्कृति अध्ययन र अवलोकन गर्न सकिने गरी चारैतर्फ पैदल यात्राको लागि बाटा बनेका छन् ।

### ३.५.९ क्याम साइट

पैदल यात्रीको लागि आवश्यक पर्ने क्याम साइड बनाउन मिल्ने ठाउँहरू छन् । इन्धन, दाउरा र मट्टितेल प्रयोग गर्न सकिन्छ ।

समग्र रूपमा भन्दा पर्यटकीय रूपले महत्त्वपूर्ण क्षेत्र भएको र भौतिक पूर्वाधार तयार हुने अवस्थामा रहेको यो ठाउँ सुन्दर विभिन्न सांस्कृतिक महत्त्वको क्षेत्र हो ।

# चौथो अध्याय

# नर्तनाचल पर्वत क्षेत्रको सांस्कृतिक पर्यटकिय स्थलबाट त्यस क्षेत्रमा बासिन्दाको जीवनस्तरमा प्रभाव

पर्यटन विकासले जनतामा सांस्कृतिक विकास, सामाजिक, आर्थिक, शैक्षिक विकासमा टेवा पुऱ्याउनका साथै वैदेशिक मुद्दा आर्जनर रोजगारमा बृलिाई क्षेत्रीय सनतुलन कायम गर्न सहयोग पुऱ्याउनु साथै केही नकारात्मक प्रभाव पर्ने पनि हुन्छ । यौन रोग, लागू औषधी सेवन, फेसन र विदेशी संस्कृतिको प्रभाव पर्न जान्छ । यस क्षेत्रका बासिन्दामा परेका सकारात्मक नकारात्मक प्रभाव बारे अध्ययन गरिएको छ ।

## ४.१ सांस्कृतिक प्रभाव

पर्यटन विकासबाट बढी प्रभावित क्षेत्र संस्कृति हो । संस्कृतिमा सकारात्मक प्रभाव र नकारात्मक प्रभाव पनि पर्न सक्छ । यहाँ परेका सकारात्मक प्रभाव र नकारात्मक प्रभावलाई ध्यान दिएको छ ।

### (क) सकरात्मक प्रभाव

यस क्षेत्रमा पर्यटनबाट सकारात्मक प्रभाव बढी परेको छ ।

(अ) **सकारात्मक सामाजिक अन्तरक्रियाः** यहाँ आउने लुम्बिनी अञ्चल र देशका अन्य भागबाट आएका पर्यटक त्यस्तै भारतबाट आएका पर्यटकको कारण यहाँ सामाजिक अन्तरक्रियाले गर्दा शिक्षा, स्वास्थ्य, मेलमिलाप भावनाको विकास गर्न सहयोग गरेको छ । भाइचारा सम्बन्ध विकासमा टेवा पुऱ्याएको र सान्ती कायम गर्न सामाजिक अन्तरक्रिया भएको छ ।

(आ) **सांस्कृतिक संरक्षणः** पर्यटन विकासको लागि सांस्कृतिक संरक्षणको महत्त्वपूर्ण भूमिका हुन्छ । यहाँ आफ्नो जातिय भाषा, संस्कृतिलाई बचाउन प्रोत्साहन मिलेको छ । ठाउँ ठाउँमा मन्दिर निर्माण लोकगीत र परम्परा संरक्षणमा पनि टेवा पुगेको छ ।

(इ) **चेतना विकासः** पर्यटन विकास साथै चेतना विकास गर्ने काम गरिन्छ । यस क्षेत्रमा पर्यटन विकास जति बढ्न गएको छ । त्यति चेतनाको विकास बढेर गएको छ । अन्धविश्वास, कुरिती, कुप्रथा, जातिपाती आदि विषयमा चेतनाको विकासले सकारात्मक रूप लिएको छ ।

(ख) **नकारात्मक प्रभावः** पर्यटन विकास हुँदा संस्कृतिमा केही नकारात्मक प्रभाव पर्नु स्वभाविक हुन्छ तर त्यस्ता नकारात्मक प्रभाव कम गर्दै लैजानु पर्ने अवस्था हुन्छ । त्यस्ता नकारात्मक प्रभावमा कमै रुपमा भए पनि यस क्षेत्रमा पनि परेको पाइन्छ ।

(अ) **तीर्थयात्रीलाई तनावः** यस क्षेत्रमा परम्परादेखी शैव क्षेत्रको रूपमा र शक्ति पिठको रूपमा तिर्थ गर्न आउने तिर्थ यात्री पनि बढ्न गएका छन् । सुपा देउरालीमा दिनमा १० देखि २५ सम्म बलि चढ्ने पनि गर्दछन् ती तिर्थयात्रीलाई केही समस्या परेको छ । भिड बढ्नु बस्ने खाने ठाउँमा कठिनाइ आदि ।

(आ) **विदेशी भाषा र पोशाक प्रयोगः** यहाँको परम्परा गत जातिय भाषा लोप हुँदै गएका र यहाँको परम्परागत पोशाकमा पनि परिवर्तन आएको छ । आफ्नो भाषा र पोशाकलाई नकारात्मक रूपले हेर्ने बानीमा विकास हुँदैछ ।

(इ) **विदेशी खाना, संगीत नृत्यको प्रयोगः** पर्यटन विकास साथै विदेशी खाना बढ्न गएको छ । त्यस्तै आफ्नो संगीत लोप हुन लागेको छ । विभिन्न क्यासेट प्रयोग र त्यही भाका संगीत ग्रहण गरिँदैछ । आफ्नो

परम्परागत नृत्य हट्दै गएर अनय विदेशी नृत्यलाई ग्रहण गर्ने परिपाटीको विकास भइराखेको छ । यसलाई कम गर्दै लैजानु पर्ने हुन्छ ।

(ई) **रक्सी सेवन र यौन विकृतिः** पर्यटन विकास हुँदा रक्सी र यौन क्रियाकलाप बढ्न जानु स्वभाविक हो । यस क्षेत्रमा पनि यी क्रियाकलापमा बृद्धि हुँदै गएको छ । यौन विकास साथमा एड्स रोग बढ्न जाने सम्भावना नकार्न सकिन्न । यी नकारात्मक प्रभावलाई कम गर्दै लैजानु पर्ने देखिन्छ ।

## ४.२ आर्थिक प्रभाव

यस क्षेत्रको पर्यटन विकासले आर्थिक रूपमा ज्यादै ठूलो सकारात्मक प्रभाव पारेको छ । सयौं जनाले प्रत्यक्ष वा अप्रत्यक्ष रोजगार पाएका छन् । यहाँका पुजमी, समिति, चौकिदार, सफा गर्ने कामदार, शिक्षकले यस मन्दिरमा प्राप्त भेटीबाट प्रत्यक्ष रोजगार पाउनुको साथमा होलर, किसान, मजदुरले पनि अप्रत्यक्ष रूपमा आर्थिक लाभ गरेका छन् । होटल यहाँको पर्यटन विकासले जीवनस्तरमा यहाँका मानिसको परिवर्तन ल्याएको छ । २ वटा विद्यालयले करिब २ लाख ७५ हजारप्रति वर्ष रकम पाएका छन् ।

### ४.२.१ नर्तनाचल पर्वत क्षेत्रमा आएका पर्यटकको अवस्था

नर्तनाचलमा तेस्रो मुलुकको पर्यटक आएको देखिएन । यहाँ भारतीय पर्यटक र आन्तरिक पर्यटक आएको देखिन्छ । दिनमा दर्शन गर्ने दर्शक करिब ९०० नौसय भए पनि वास बस्ने बिताउने पर्यटक संख्या दिनमा ३०० जति हुन्छन् । यि पर्यटक उमेर र लिङ्ग अनुसार वर्गीकरण यहाँ गरिएको छ ।

प्रतिदिनको पर्यटक संख्या

| उमेर वर्ष | जम्मा संख्या | महिला | पुरुष | संचयी आवृत्ति |
|---|---|---|---|---|
| द्दण(घण | द्धछ | छ | द्धण | द्धछ |
| घण(द्धण | छछ | ज्ञछ | द्धण | ज्ञण्ण |
| द्धण(छण | ज्ञण्ण | द्धण | टण | द्दण्ण |
| छण(टण | डण | घण | छण | द्दडण |
| टण(ठण | द्दण | ज्ञण | ज्ञण | घण्ण |
| | घण्ण | ज्ञण्ण | द्दण्ण | |

स्रोतः स्थलगत सर्वे ।

यस तथ्याङ्कबाट मध्यिका निकाल्दा

मध्यिका वर्ग ४०-५०

यस श्रेणीमा मध्यिका ल्रद्द औं पद हो । तसर्थ ल्रद्द . घण्णरद्द . ज्ञछण हुन्छ । यहाँ ज्ञछण पद छैन त्यो भन्दा माथिल्लो पद २०० छ ।

सूत्रमा प्रयोग गरी हेर्दा

ी . द्धण

ल्रद्द . ज्ञछण

अ।थ। . ज्ञण्ण

थ . ज्ञण्ण

ि . ज्ञण

:भमष्बल . $\dfrac{L+\dfrac{N}{2}-c.y.}{y}\times 1$

$\square\ \dfrac{40+150-100}{100}\times 10$

. द्धछ

मध्यिका . द्धछ

□ द्धण-द्धछ वर्ष उमेरभित्र द्धछ पर्ने भएकोले यस उमेरमा बढी पर्यटक आउने गरेको पाइन्छ ।

प्रस्तुत तथ्याङ्कबाट अन्तरसम्बन्ध वास्तविक मध्यम विधिबाट निकाल्दा

| ह . पुरुष | ह . महिला | $\bar{x}$ . ह(द्धण | $\bar{y}$ . थ(द्दण | ह$^{द्द}$ | थ$^{द्द}$ | हथ |
|---|---|---|---|---|---|---|
| द्धण | छ | ण | (ज्ञछ | ण | द्दद्दछ | ण |
| द्धण | ज्ञछ | ण | (छ | ण | द्दछ | ण |
| टण | द्धण | द्दण | द्दण | द्धण्ण | द्धण्ण | द्धण्ण |
| छण | घण | ज्ञण | ज्ञण | ज्ञण्ण | ज्ञण्ण | ज्ञण्ण |
| ज्ञण | ज्ञण | (घण | (ज्ञण | ढण्ण | ज्ञण्ण | घण्ण |
| □ह . द्दण्ण | □थ . ज्ञण्ण | ह . ण | थ . ण | □ह$^{द्द}$ . ज्ञद्धण्ण | □थ$^{द्द}$ . डछण | □हथ . डण्ण |

यहाँ

ल . छ    $\bar{x}$ . $\frac{क्ह}{ल}$ . $\frac{द्दण्ण}{छ}$ . द्धण

□ह . द्दण्ण    $\bar{y}$ . $\frac{क्थ}{ल}$ . $\frac{ज्ञण्ण}{छ}$ . द्दण

□थ . ज्ञण्ण

अन्तर सम्बन्ध च . $\frac{क्हथ}{\sqrt{क्ह^{द्द} \times क्थ^{द्द}}}$ . $\frac{डण्ण}{\sqrt{ज्ञद्धण्ण \times डछण}}$ . $\frac{डण्ण}{\sqrt{ज्ञण्ढणडठज्ञद्द}}$ . णठघघ

पुरुष र महिलाको अन्तर सम्बन्ध . णठघघ हुन्छ ।

नर्तनाचल पर्वतमा पर्ने सुपा देउरालीमा दैनिक पूजा गर्ने र त्यहाँ प्राप्त भएको भेटीलाई व्यवस्थित गर्न३ जनाको रोहवरमा हिसाब किताब प्रत्येक दिन गरिन्छ । ३ जनालाई पारिश्रमिक व्यवस्था पनि छ ।


उनीहरूले पाउने पारिश्रमिकको तथ्याङ्क प्रत्येक दिनको यहाँ एक दिनको मात्र गणना गरिएको छ ।

| क्र.सं. | पारिश्रमिक दिनमा | बलि चढाएको बोकाको टाउको | खाने खर्च | जम्मा |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १ | ३० | दोस्रो टाउकाको मूल्य ७० | छण | ज्ञछण |
| २ | ३० | तेस्रो टाउकाको मूल्य ६० | छण | ज्ञद्धण |
| ३ | ३० | पहिलो टाउकाको मूल्य ८० | छण | ज्ञटण |
| | जम्मा | २१० | ज्ञछण | द्धछण |

स्रोतः मन्दिर समिति, पुजेरी, चौकीदारको अन्तरवार्ताबाट र स्थलगत सर्वे प्रत्येक दिनको पारिश्रमिक वृत्तचित्रमा देखाउँदा ।

| | प्रतिशत | | |
|---|---|---|---|
| १. पुजारी दैनिक रु. १५० | ३३.३३ × ३.६ | = | ११९.९९ |
| २. समिति रु. १४० | ३१.११ × ३.६ | = | १११.९९ |
| ३. चौकीदार रु. १६० | ३५.५५ × ३.६= | | १२७.९९ |
| | | | ३६०° |




यहाँ पाउने प्रत्येक दिनको पारिश्रमिक चौकीदारको ३५.५५% दोस्रोमा पुजारी ३३.३३% र समितिले ३१.११% पाउँछन् । सुपा देउरालीमा १५ वटा होटलहरूले प्रत्येक दिन आर्जन गर्ने आम्दानीलाई अधययन गर्दा सबैको बराबर आय हुँदो रहेनछ । कमी बेसी आय भएको पाइन्छ । तथ्याङ्क व्वस्थित गर्दा

दिनको आय होटलवालाको

| पसल संख्या | प्रतिदिन आय | प्रतिमहिना आय | प्रतिशत |
|---|---|---|---|
| ज्ञ(छ | द्दण्ण | टण्णण | द्दटाटट |
| छ(ज्ञण | द्दछण | ठछण्ण | घघाघघ |
| ज्ञण(ज्ञछ | घण्ण | ढण्णण | द्धणाण्ण |
| | | द्दद्दछण्ण | ज्ञण्णाण्ण |

स्रोतः स्थलगत सर्वेक्षण

होटलले दिनमा २०० देखि ३०० सम्म आम्दानी गरेको पाइन्छ । किसानहरू दुध र तरकारी गरी ३० जना किसानले एक दिनमा रु. ९० प्रतिदिन यस ठाउँमा कमाउने गर्दछ ।

सफाइको लागि एक व्यक्तिलाई दिनमा रु. ३५ रहेछ । उसले बिहान २ घण्टा मात्र काम गर्ने रहेछ ।

दिनमा १० जना जति दाउरा बिक्री गर्ने र प्रतिदिन रु.८० कमाउने रहेछन् ।

यात्रु बोकी ल्याउने लैजाने गाडी दिनमा ७ वटा गाडीलाई पनि सहयोग भएको पाइन्छ ।

लुम्बिनी आउने पर्यटक संख्या थप्न सक्दा त्यहाँको आर्थिक, सामाजिक र सांस्कृतिक क्षेत्रमा टेवा पुग्ने देखिन्छ ।

### ४.२.२ लुम्बिनीमा आएका पर्यटकहरू

पर्यटन विकासको लागि पर्यटक संख्यामा बृद्धि हुनुपर्ने हुन्छ । नेपालमा तेस्रो मुलुकबाट आएका पर्यटक मध्ये कम मात्र लुम्बिनी पुग्ने गरेको तथ्याङ्कले बताउँछ ।


तेस्रो मुलुक भारत वापकबाट नेपाल आएका पर्यटक मध्ये लुम्बिनी पुगेका पर्यटक २००५ र २००६ को तुलना गर्दा

| साल | नेपाल आएका पर्यटक संख्या | लुम्बिनी आएका पर्यटक संख्या | प्रतिशत |
|---|---|---|---|
| २००५ | ज्ञडघटढढ | छज्ञटटछ | द्दडाज्ञद्द५ |
| २००६ | ज्ञडडद्दद्धट | द्धढछढछ | द्दटाघछ५ |

स्रोतः नेपाल टुरिज्म बोर्ड, २००६ र लुम्बिनी विकास कोष, २००६ ।

भारत बाहेक नेपालमा भित्रिने पर्यटक मध्ये २००५ मा २८.१२% र २००६ मा २६.३५% मात्र लुम्बिनी पुगेको तथ्याङ्क पाइन्छ ।

त्यसैले लुम्बिनी अञ्चलले नै पर्यटक संख्या बढाउन अझै धेरै परिश्रम गर्नुपर्ने देखिन्छ । पर्यटकको लागि आवश्यक सुविधा र प्रचार प्रसार गर्नुपर्ने आवश्यकता देखिन्छ । यसलाई प्रतिशत स्तम्भ चित्र देखाउन सकिन्छ ।





यसरी २००५ मा भन्दा २००६ मा १.८७ प्रतिशतले पर्यटकको संख्या कम देखिन्छ ।

लुम्बिनीमा पर्यटक संख्यामा बृद्धि हुँदै गएको पाइन्छ । छ वर्षको तथ्याङ्क अध्ययन गर्दा प्रष्ट हुन सकिन्छ ।

| साल | पर्यटक संख्या |
|---|---|
| २००२ | द्दटद्धघड |
| २००३ | घढडटढ |
| २००४ | द्धठडज्ञघ |
| २००५ | छज्ञटटछ |
| २००६ | द्धढछढछ |

इ.सं. २००२ देखि क्रमबद्ध रूपमा लुम्बिनीमा पर्यटक संख्या बढ्न गएको र २००५ को तुलनामा २००६ सालमा बढ्न नसकेको पाइन्छ । यसलाई रेखाचित्रमा प्रस्तुत गर्न सकिन्छः



### ४.२.३ मौसम अनुसार लुम्बिनीमा आएका पर्यटकहरू

मौसम अनुसार लुम्बिनीमा आउने पर्यटक फ्रेबुअरी र मार्चमा बढी र अप्रिल, मे, जुनमा ज्यादै कम मात्रामा आएको देखिन्छ । महिना अनुसार पर्यटक तथ्याङ्क पर्यटक तथ्याङ्क २००६ मा

| महिना | पर्यटक संख्या | प्रतिशत |
|---|---|---|
| जनवरी | घठछज्ञ | ठाछट |
| फेब्रुअरी | ठछण्ड | ज्ञछाज्ञघ |
| मार्च | ठटछछ | ज्ञछाद्धघ |
| अप्रिल | छद्धट | ज्ञाज्ञण |
| मे | द्धण्ट | णाडज्ञ |
| जुन | द्धछद्ध | णाढद्द |
| जुलाई | डघज्ञ | ज्ञाटड |
| अगस्ट | छढद्धड | ज्ञज्ञाढढ |
| सेप्टेम्बर | घटण्द्द | ठाद्दट |
| अक्टोबर | टढटद्द | ज्ञद्धाण्घ |
| नोभेम्बर | टठटद्द | ज्ञघाटघ |
| डिसेम्बर | छज्ञठण | ज्ञणाद्धद्द |
| जम्मा | द्धढछढछ | ज्ञण्ण |

स्रोतः लुम्बिनी विकास कोर्ष, २००६ ।

माथिको तथ्याङ्कलाई अध्ययन गर्दा फ्रेबुअरी र मार्चमा १५.१३% र १५.७३% पर्यटक लुम्बिनी आएको र अप्रिल, मे, जुनमा १.१०%, ०.८१% र ०.९२% मात्र देखिन्छ ।

यस समयमा लुम्बिनीमा गर्मी हुने त्यसैले पर्यटक घट्न गएको हुन सक्छ । यस समयमा नर्तनाचलमा सितल हावा पानी हुने हुँदा यहाँको पर्यटन विकास गर्दा लुम्बिनी अञ्चलको विकासमा टेवा पुग्न सक्छ । पर्यटन नीति निर्माण गर्दा पनि कुन

देशबाट कति पर्यटक आउने गर्दछ । त्यो कुरामा ध्यान दिनुपर्ने हुन्छ । त्यसैले लुम्बिनीमा आउने पर्यटकहरूमा मुख्य कुन देशको कति प्रतिशत छ त्यो थाहा पाउन यो तथ्याङ्कले सहयोग गर्दछ ।

२००७ मा लुम्बिनी आएमा पर्यटक संख्या भारत बाहेक तेस्रो मुलुकको मात्र

| क.सं. | देशको नाम | पर्यटक संख्या | प्रतिशत |
|---|---|---|---|
| ज्ञ | श्रीलंका | द्ज्ञछटघ | द्धघ।द्धड |
| द्द | थाइल्याण्ड | ढद्दद्दघ | ज्ञड।छढ |
| घ | द. कोरिया | घद्धद्धघ | ट।ढघ |
| द्ध | म्यानमार | द्दटडण | छ।द्धण |
| छ | जापान | द्ज्ञटछ | द्ध।घछ |
| ट | चिन | ज्ञटछढ | घ।घघ |
| ठ | ताइवान | ज्ञद्धठज्ञ | द्द।ढट |
| ड | जर्मन | टढण | ज्ञ।घढ |
| ढ | अष्ट्रेलिया | टणघ | ज्ञ।द्दज्ञ |
| ज्ञण | यु.यस.ए. | छछठ | ज्ञ।ज्ञद्द |
| ज्ञज्ञ | यु.के. | छघट | ज्ञ।ण्ड |
| ज्ञद्द | अन्य मुलुकहरू | छण्ण्छ | ज्ञण।ण्ढ |

स्रोतः लुम्बिनी विकास कोर्ष, २००६ ।

लुम्बिनीमा श्रीलंका ४३.४८% र थाइलाण्ड १८.५९% त्यस्तै दक्षिण कोरिया ६.९३%, म्यानमार ५.४०%, जापान ४.३५%, चीन ३.३३% रहेका छन् । नित बनाउँदा पनि यो ध्यान दिनुपर्दछ । यी पर्यटकलाई नर्तनाचलसम्म ल्याउन प्रयास गर्दा यस क्षेत्रले बढी लाभ लिन सक्छ ।

## ४.३ शैक्षिक प्रभाव

पर्यटन विकास साथै यस क्षेत्रमा शिक्षामा सकारात्मक प्रभाव परेको छ । सुपा देउरालीमा उठ्ने रकमबाट दुईवटा विद्यालयमा सात जनाले तलव खाएर एक हजार भन्दा बढी बालकलाई शिक्षा प्रदान गरेका छन् । त्यस्तै पर्यटकको आवत जावतले चेतनामा बृद्धि भएको छ । यहाँका नि.मा.वि., मा.वि. बन्ने र मा.वि. उच्च मा.वि. बन्ने लहर बढ्न गएको छ । उच्च शिक्षामा पनि यस क्षेत्रले प्रगति गर्दै गएको पाइन्छ । समग्रमा पर्यटन विकासबाट शैक्षिक विकासमा सकारात्मक प्रभाव पर्न गएको पाइन्छ ।

## ४.४ सामाजिक प्रभाव

पर्यटन विकासबाट बाटो विकास तिव्र रूपले सामाजिक क्रान्ति ल्याएको छ । यस क्षेत्रमा बाटो विकास तिव्र रूपले भएको छ, बिजुली विकास, खानेपानी, शिक्षा, स्वास्थ्य, संचार सबै क्षेत्रमा सामाजिक प्रभाव सकारात्मक रूपमा परेको छ ।

पाटी पौवा निर्माण, बिजुली, खानेपानी विकास, विद्यालय संचालनमा सुपा देउरालीमा प्राप्त भेटीबाट गरिँदैछ । विकास निर्माण सामाजिक सुधारमा समेत ठूलो सहयोग भएको छ । जनचेतनामा बृद्धि भएको छ । समग्रमा नर्तनाचल पर्वत क्षेत्रमा सांस्कृतिक पर्यटनबाट यस क्षेत्रको समग्र रूपमा विकास गरेको छ । तर नकारात्मक सांस्कृतिक विकृतिलाई भने भुल्न मिल्दैन ।

यसरी नर्तनाचल पर्वत क्षेत्रमा सुपा देउराली र नरपानी क्षेत्रमा जति पर्यटक आएर यहाँको शैक्षिक, सामाजिक, आर्थिक, सांस्कृतिक विकास भएको छ । यी पर्यटकलाई पूर्वी क्षेत्र पणेनासम्म र पश्चिम सेङ्गलेङ्गसम्म एकनासको विकास गर्न सकिएको छैन । यी ठाउँमा पनि पर्यटन पूर्वाधार विकास र प्रचार प्रसारबाट समग्र नर्तनाचल पर्वत क्षेत्रले लाभ लिन अझै प्रयत्न गर्नुपर्ने आवश्यकता देखिन्छ ।

# परिच्छेद पा“च

## सारांश तथा निष्कर्ष

### ५.१ सारांश

नर्तनाचल क्षेत्रका मुख्य सांस्कृतिक पर्यटन स्थलहरूमा सुपा देउराली एक हो । यहाँ करिब नौ सय जनाले दिनमा दर्शन र अवलोकन गर्दछन् । तर यस क्षेत्रमा बास बस्नेको संख्या तिन सय प्रतिदिन छ । यस शक्तिपिठमा दर्शन गर्दा चिताएको पुग्ने जन विश्वास रहेको छ । यहाँ वलिदिने प्रथा छ दिनमा पच्चीसभन्दा बढी बलि चढाइन्छ । यहाँ चढाएको भेटी र बाख्राको टाउकोको रकम पुजारी, चौकीदार, समितिको रोहोवरमा हिसाव राख्ने र त्यो रकम विद्यालयमा शिक्षक तलव, पानी, बिजुली लगायत विकास काममा लगाइन्छ । सुपा देउराली ज्यादै प्राचीन अवस्थादेखि पुजिँदै आएको कुरा त्यहाँ विश्वास गरिन्छ । सुपामा लाउरे भिरमा टाँसिएको कथाले यसको महत्त्व बढाएको पाइन्छ । हाल निर्माण गरिएको मन्दिर २०४० सालमा निर्माण भएको मन्दिर वरिपरी घन्ट हजारौं झुण्डिएका र यहाँ खनाल थरका बाहुन पुजेरी काम गर्दछन् । यहि देउराली देखि नजिक उत्तरखाँची कालीदेवीको मन्दिर पुजारी छ र यहाँ राजाको दरबार भएको ठाउँ मैदानको रूपमा रहेको छ । यहाँ भएको इनार प्राचीन छ ।

नर्तनाचल पर्वतको अर्को सांस्कृतिक क्षेत्र ‘विन्दुशर’ हो यहाँबाट सात नदी बहने र सरास्वती नदी किनारमा कर्दमको आश्रम र कपिलको जन्म ठाउँ मानिन्छ । कपिल इ.पु. ७०० तिरका भएमा र उनको अर्को नाम शिव भएकाले कपिलेश्वर शिवले नै षषीतन्त्र रचना गरी आसुरीलाई सिकाएको, आसुरीले पञ्च सिखालाई पढाएको पञ्चसिखाले यसको प्रचार प्रसार गरेका यही षषीतन्त्र नै शाख्य दर्शनको रूपमा विकास भएको यो शरीरको संरचना प्रकृति प्रभाव उपचार विधि भएको कौटील्यको समयमा राजनीतमा तन्त्र प्रयोग भएको र पातञ्जलीको पालाबाट धर्मको रूपमा ग्रहण पनि अन्ध विश्वासको रूपमा हालसम्म रहेको पाइन्छ ।

पञ्चमहाभुतलाई भुतको रूपमा बुझ्न र पञ्चतन्मात्रा तन्त्र जो भूत भगाउने रूपमा ग्रहण गरिएको छ । पञ्चतन्मात्रा एक उपचार विधि जुन वैज्ञानिक र प्राकृतिक उपचार विधि भएको पाइन्छ ।

पाणेनीतपो भूमिमा इ.पु. ४०० तिर पाणीनी आएर अध्ययन गरी अस्टध्यापी नामक संस्कृत व्याकरण लेखेको जुन ज्यादै वैज्ञानिक छ । पाणीनी भारतबाट पढाइमा कमजोर भएर यहाँ आएका र पछि दक्षिण एशियामा प्रख्यात भएको पाइन्छ । यस तपोभूमिमा हाल शिवमूर्ति र एक तलाउ छ नयाँ विभिन्न मन्दिर निर्माण भएका छन् । यहाँ दैनिक पूजा गरिन्छ ।

दुर्वाशागुफा यो ठाउँ पाणिनी तपो भूमिबाट नजिक ५ कि.मी. उत्तरमा पर्दछ । यहाँ दुर्वाशा आएर तपस्या गरेको विश्वास गरिन्छ । यहाँ जङ्गली युगमा नै प्राचीन मानव बसोबास गरेको संकेत पाउन सकिन्छ । गुफाभित्र भएका बुट्टाको अध्ययन गर्दा यि मानव निर्मित भएको मान्न सकिन्छ । यसै आधारमा प्राचीन समयमा यस ठाउँमा मानववस्ती भएको प्रमाणित गर्न यहि ठाउँ नजिक बुटवल तिनाउ नदीको सिर पर्ने त्यहाँ रामा पिथेकस्को दाँतको अवशेष फेला पर्नुले पनि त्यहिं संकेत गर्दछ । यहाँ गुफालाई मर्मत गरिएको छ । गुफा नजिक अनेकौं मन्दिर निर्माण गरिएको छ ।

सेङ्गलेङ्ग यो ठाउँमा पुरानो वराहको मूर्ति टुटफुट रूपमा छ । यहाँ विभिन्न प्रकारमा देवीदेवताको मूर्तिमा बनाइ पूजा गरिन्छ । यहाँ भएको दहमा शिव र वराहको पूजा गर्ने गरिन्छ । प्राकृतिक रूपले पनि यो ठाउँ सुन्दर छ । तेस्रो खण्डमा पर्यटन पूर्वाधारबारे सुपा देउरालीमा बाटो कालो पत्रे र होटल सुविधा, खानेपानी, बिजुली, संचार आदि क्षेत्रको व्यवस्था भएको छ । खेल्ने मैदान, पारीपौवा, पोखरी, बैङ्क सुविधा आदि बनाउन पर्ने आवश्यकता देखिन्छ । अतिथि सत्कार यहाँ राम्रो छ ।

नरपानीमा पनि सुपा देउरालीमा भएका पूर्वाधारहरू यहाँ भएको मैदानलाई खेल खेल्ने ठाउँ र पैदल यात्रुलाई क्याम्प बनाउन सकिन्छ । बैङ्क सुविधा बढाउनु पर्ने र अन्य सुविधामा पनि विस्तार गर्नुपर्ने छ ।

पणेनातपो भूमिमा पुग्न बाटो भएको तर कालोपत्रे नभएको बिजुली भइनसकेको संचार भएको र खानेपानी बजार क्षेत्रमा भएको होटल संख्या अझैकम भएको दृश्य अवलोकन टावर निर्माण नभएको पाइन्छ ।

दुर्वाशा गुफामा पनि कच्ची बाटो पुगेको तर कालो पत्रे नभएको खानेपान सुविधा राम्रो, पौडी खेल्ने ठाउँ भएको पर्यटकलाई क्याम्प बनाउन सक्ने ठाउँ भएको ठाउँको निर्माण नभएको, बैंक सुविधा नभएको, बिजुली अभाव देखिन्छ । सेङ्गलेङ्ग क्षेत्रमा पर्यटन पूर्वाधार ज्यादै कमजोर भएको बाटो कच्ची मोटर चल्ने भए पनि पानी, बिजुली, संचार पुग्न नसकेको पाइन्छ ।

समग्रमा पर्यटन पूर्वाधारको विकास छिटो गर्नुपर्ने आवश्यकता भएको पाइन्छ । चौथो खण्डमा पर्यटन विकासबाट जीवनस्तरमा परेको प्रभावमा लुम्बिनीसम्म नेपालमा आएमा पर्यटकहरू मध्ये २८% मात्र लुम्बिनी पुगेका र यहाँ पुगेको पर्यटकलाई नर्तनाचलमा पुऱ्याउन प्रयत्न गर्नुपर्ने देखिएको छ । नर्तनाचल पर्वतमा दिनमा नौसय जतिले अवलोकन गर्ने र ३०० जना जति वास बस्ने गरेको पाइन्छ । पर्यटन विकासले यस क्षेत्रमा सकारात्मक असर परेको देखिन्छ, पुजारी, चौकीदार, समितिको दैनिक आम्दानी भएको र होटल व्यवसायले राम्रो आम्दानी गरेको र मन्दिरमा प्राप्त रकमबाट २ वटा विद्यालयमा ७ जना शिक्षकले तलब खाएको जसले गर्दा शिक्षामा विकास भएको र भाइचारा सम्बन्ध विकास, चेतनाबृद्धि, संस्कृतिको विकास भएको पाइन्छ । सकारात्मक प्रमाणको साथै केही नकारात्मक प्रभाव संस्कृति परेको पाइन्छ । यसलाई कम गर्दै लैजानुपर्ने देखिन्छ ।

## ५.२ सुझावहरू

१. नर्तनाचल पर्वत क्षेत्रको पर्यटन विकासको लागि समग्र लुम्बिनी अञ्चल स्तरको उत्पादन बनाउनु पर्ने । गर्मी समयलाई आधार मानी उत्पादन तयार गर्दा लुम्बिनीको विकास र यस क्षेत्रको समेत राम्रो विकास हुने देखिन्छ ।

२. नर्तनाचल पर्वत क्षेत्रको पर्यटन विकास गर्न प्रचार प्रसारको कमी हटाउन सानो चलचित्र निर्माण गरी प्रचार प्रसार गर्नुपर्नेछ ।

३. पुरातात्विक र ऐतिहासिक स्थलको संरक्षण गर्नु पर्दछ ।

४. परम्परागत संस्कृतिको संरक्षणको लागि विभिन्न जाति जनजातीको संस्कृति सरक्षण गर्नुपर्ने आवशयकता भइसकेको छ ।

५. आफ्नो लवाइ खवाइमा सकारात्मक सोचको विकास गराउनु जनचेतना जगाउनु पर्नेछ ।

६. पैदल यात्राको लागि मार्ग निर्माण गर्ने र पर्यटन क्याम्प निर्माण गर्नुपर्ने समय भएको छ ।

७. नर्तनाचल पर्वतको माथिल्लो उचाइमा रहेको विन्दुसर भनिने ताल संरक्षण गर्ने चुहेको ठाउँमा पानीरोक्ने काम गर्नु पर्दछ ।

८. हाइकिङ्गको लागि चुचरासम्म पुगन सिडी निर्माण गर्न पर्ने देखिन्छ । जहाँ सजिलोसँग पुग्न सकियोस् ।

९. हाल भएका होटललाई व्यवस्थित गर्न तालिमको व्यवस्था गरी सुधार गर्न सकिन्छ ।

१०. पाटी, पौवा र चौतारा निर्माण गर्ने भएकालाई सुधार गर्ने ।

११. विभिन्न ठाउँमा भएका गुफाको संरक्षण र प्रचार गर्ने काम तत्काल गर्न सकिन्छ ।

१२. विभिन्न ठाउँमा भएकाताललाई सफा गर्ने र पौडी खेल्न सक्ने अवस्थामा विकास गर्न सकिन्छ ।

१३. स्वास्थ्य केन्द्र राम्रो व्यवस्थित नभएकोले यसको विकास गर्नुपर्ने हुन्छ ।

१४. बैंक सुधिवामा पछि परेकोले बैंक शाखा खेल्न पहल हुन जरुरी छ ।

१५. जडीबुटीको राम्रो सदुपयोग र नर्सरी निर्माण र किसानलाई जडिबुटी विकासमा प्रोत्साहन गर्न सकिन्छ ।

१६. लोकल गाइडको व्यवस्थाको लागि स्थानीय युवालाई तालिम आवश्यक छ ।

१७. यस क्षेत्रमा रहेका लोकगीत, नृत्यलाई व्यवसायीकरण गर्दा रोजगार सर्जना हुने र पर्यटन विकासमा सहयोग पुग्ने हुन्छ ।

१८. फलफूल, चिया, कफिमा माहुरी पालन जस्ता क्षेत्रमा उत्प्रेरणा जगाउनु पर्ने देखिन्छ ।

१९. जनस्तरमा पर्यटन स्वागत समितिहरू निर्माण गरी साना तिना पर्यटन समस्या सुल्झाउने, पूर्वाधार निर्मणमा सहयोग पुऱ्याउने, प्रचार प्रसार गराउने काम तत्काल गर्न सकिन्छ ।

२०. पर्यटक पाउना हुन भन्ने भावनाजन स्तरमा चेतनाको विकास गराउनु पर्ने ।

२१. जिल्लाको पर्यटन विकास योजना तर्जुमा निर्माण गर्ने र पर्यटन क्षेत्रको विस्तृत प्रोफाइल तयार गरी कार्यान्वयन गर्नुपर्ने आवश्यकता छ ।

पर्यटन विकास गरी रोजगार सृजना र विदेशी मुद्रा आर्जन विश्व भाइचारामा विकास गर्न यस क्षेत्रको सबै समाजसेवामा लाग्नुपर्ने बेला भएको छ ।

# सन्दर्भ ग्रन्थ-सूची


१. अग्रवाल, वासुदेव शरण (१९७१), **साहित्य और संस्कृति,** विश्वविद्यालय, वाराणसी ।

२. आचार्य नारायण (२०५३), **अर्घाखाँचीका ऐतिहासिक स्थल सन्धी,** वर्ष १, अङ्क १, कर्मचारी मिलन केन्द्र, अर्घाखाँची

३. आचार्य, सत्यानन्द (१९९९), **तन्त्र विद्या साधना,** सिद्धि और सेन्स आनन्द पेपर बैकस दिल्ली ।

४. **आर्थिक सर्वेक्षण,** २०६३।०६४, अर्थमन्त्रालय, काठमाडौं ।

५. प्रो. इन्द्र (१९९८), **कौटिल्य अर्थशास्त्र,** राजपाल दिल्ली ।

६. कोण्डन्य (२०६०), **सम्यक् सम्बुद्ध,** बुद्ध विहार भृकुटी मण्डप, काठमाडौं ।

७. डा. गिरी गितु (२०५०), **लुम्बिनी अञ्चलको सांस्कृतिक पर्यटन स्थल,** ग्रामीण विकास मन्च, बुटवल ।

८. गुप्ता, एम.एल./शर्मा डि.डि. (१९९५), **सामाजिक मानव शास्त्र,** साहित्य भवन पब्लिकेशन, आगरा ।

९. जोशी, हरिशंकर (२०२२), **सांख्य योग दर्शनका जीर्णोद्वार,** चौखम्ब विद्याभवन, वाराणसीं ।

१०. ढकाल, गोविन्द (२००४), **चिकित्सा, सिद्धान्त र विद्यमान अवस्था,** नेपाल राष्ट्रिय स्वास्थ्य शिक्षा परिषद् ।

११. तिवारी, वरुण कुमार (२०५७), **सांख्य दर्शनमा मनोविज्ञान एक अध्ययन,** प्रज्ञा अङ्क ९३, ने.रा.प्र.प्र., काठमाडौं ।

१२. दयानन्द स्वामी (१९३९), **धर्म विज्ञान,** सनातन धर्म के विविध अगोंपर दार्शनिक एवं वैज्ञानिक विवेद प्र. खण्ड भारत धर्म मण्डल (वनारस) ।

१३. दाहाल, ओम प्रकाश (२०५८), **प्रागऐतिहासिक संस्कृति,** क्षितिज प्रकाशन, काठमाडौं ।

१४. प्रा.डा. दाहाल पेशल/खतिवडा सोमप्रसाद (२०५८), **अनुसन्धान पद्धति,** एम.के.पब्लिशर्स एण्ड डिष्ट्रिव्युटर्स, काठमाडौं ।

१५. दाहाल, ओम प्रकाश (२०६०), **ग्रामीण पर्यटन,** निमा पुस्तक प्रकाशन, काठमाडौं ।

१६. डा. दन्त नलिनाक्ष (१९५८), **उत्तर प्रदेशमा बौद्ध धर्मको विकास,** उ.प्र. सरकार (लखनउ) ।

१७. परमहंश स्वामी कृष्णानन्द (२०५३), **श्री भविष्य पुराणमा महर्षि श्री पाणिनीको संक्षिप्त परिचय आध्यात्मिक जन जागृती प्रकाशन** ।

१८. प्रश्रित मोदनाथ (२०६०), **विश्वका सर्वोत्कृष्ट व्याकरणकार महिषी पाणेनी,** पाणेनी अङ्क १ वर्ष १, पाणेनी साहित्यिक प्रतिष्ठान, अर्घाखाँची ।

१९. पुरी उद्धव (२०५८), **पर्यटन र विकास,** तलेजु प्रकाशन, काठमाडौं

२०. डा. पाण्डेय, राम सुरेस (१९७२), **महाभारत और पुराणो में सांख्य दर्शन,** नेशनल पब्लिसिजङ हाउस, दिल्ली ।

२१. बराल, वासु (२०४४), **हिन्दु सामाजिक संगठनको प्रारूप,** साझा प्रकाशन, काठमाडौं ।

२२. बोरा देवेन्द्र (२००३), **आपका आरोग्य आपको हात में एँक्युप्रेसर एवं अन्य प्राकृतिक उपचार,** पुस्तक महल, दिल्ली ।

२३. प्रो. भट्टराय चुडानाथ (२०४१), **तन्त्र सर्वस्व,** नेपाल रा.प्र.प्र., काठमाडौं ।

२४. भाष्कर, उदयविर (१९५०), **सांख्य दर्शनका इतिहास**, राष्ट्रिय संग्रहालय, दिल्ली ।

२५. मैनाली, सावित्री (२०५५।५६), प्रज्ञा अङ्क ८७, ने.प्र.प्र., काठमाडौं ।

२६. भुसाल, राजेन्द्रप्रसाद (२०४८), **अर्घाखाँची जिल्लाको चिनारी,** नयाँ बिहानी, अङ्क १ ।

२७. राजवंशी सङ्करमान (२०२८), **अर्घावार प्राप्त ऐतिहासिक दस्तावेज,** प्राचीन नेपाल भाग ७, काठमाडौं ।

२८. शर्मा, जनकलाल (२०३९), **हाम्रो समाज एक अध्ययन,** काठमाडौंः साझा प्रकाशन, काठमाडौं ।

२९. शर्मा डिल्लीराज (२०५८), **पश्चिम नेपालको मूर्ति तथा वास्तुकला,** नेपाल राजकिय प्रज्ञा-प्रतिष्ठान, काठमाडौं ।

३०. शर्मा सावलिया विहारीलाल (१९५३), **विश्व धर्म दर्शन,** बिहार सरकार ।

३१. शर्मा, अशोक कुमार (१९९५), **विश्व प्रसिद्ध चिकित्सा पद्धति,** पुस्तक महल, दिल्ली ।

३२. शास्त्री, गोविन्द (१९९७), **मन्त्र विज्ञान,** साधन पारेक बुक्स दिल्ली ।

३३. डा. शास्त्री शिवशंकर अवस्थी (१९६६), **मन्त्र और मातृका औंका रहस्य** ( तन्त्र अनुसार), चौखम्बा विद्या भवन वाराणसी ।

३४. डा. सिन्हा फुलगेदां (२००२), **योगद्वारा रोगकी चिकित्सा,** आनन्द पेपर वैक्स, दिल्ली ।

३५. डा. सिंह रामपाल (१९८२), **वैदानिक मनो विज्ञान,** विनोद पुस्तक मन्दिर, आगरा ।

३६. श्री ५ को सरकार सूचना विभाग (२०३१), **मेचि महाकाली भाग ३,** काठमाडौं ।

३७. श्री वास्तव विजय (१९५४), **कपिलवस्तु लुम्बिनी दिग्दर्शन,** श्री वास्तव स्टुडियो, बनारस ।

३८. सिंह विष्णु बहादुर (२०६०), **अर्घाखाँची जिल्लामा मेरो साहित्यिक यात्रा,** पाणेनी, वर्ष १, अङ्क १, पाणेनी साहित्यिक प्रतिष्ठान, अर्घाखाँची ।

३९. **तथ्याङ्क गतिविधि** २०६१।६२, अङ्क २, वर्ष २, तथ्याङ्क विभाग काठमाडौं ।

४०. **न्युस लेटर (२००५), भोल ६, अ नेपाल टुरिज्म बोर्ड नेपाल ।**

४१. **न्युस लेटर (२००६), भोल ७, अ नेपाल टुरिज्म बोर्ड नेपाल ।**